النيبالية
नेपाली

مترجم لعدة لغات

صحيح الدعاء والثناء على الله تعالى

# सही दुआ र अल्लाहको प्रशंसा

डा. अब्दुल्लाह बिन हमूद अल्-फौरैह

د. عبد الله بن حمود الفريح

- दुआ गर्ने तरिकाहरू
- अल्लाहको प्रशंसा
- कुर्आनका दुआहरू
- नमाजका दुआहरू
- नबीका दुआहरू
- शैतानको उपद्रोबाट शरण माग्ने दुआहरू
- रूक्या (झारफुक) का दुआहरू
- साँझ बिहानका स्तुति (जिक्र) हरू

कुनै विशेष दुआ वा स्तुति (जिक्र) तर्फ फर्कन त्यसको शीर्षकमा क्लिक गर्नुहोस्

doa.eqtidaa.com

بسم الله الرحمن الرحيم

# भूमिका

सम्पूर्ण किसिमका प्रशंसा एवं महिमागानहरू अल्लाहका लागि हुन् । उहाँ नै सम्पूर्ण जगतका सृष्टिकर्ता र पालनकर्ता हुनुहुन्छ । दरूद सलाम (शान्ति) अवतरण होस् अल्लाहको अन्तिम रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि तथा उहाँका समस्त घरपरिवार र सहाबा (साथी) हरू माथि ।

दुआ (प्रार्थना) को बारेमा यो एउटा उत्कृष्ट, विश्वसनीय र फाइदाजनक पुस्तिका हो । यस पुस्तिकामा अल्लाहको प्रशंसा एवं महिमागान तथा कुर्आन र हदीसका प्रमाणित दुआहरू; कुर्आनका दुआहरू, नबीका दुआहरू, शैतानको उपद्रोबाट शरण माग्ने दुआहरू, रूक्या (झारफुक) का दुआहरू, साँझ बिहानका स्तुति (जिक्र) हरू, दुआ गर्ने शिष्टाचारहरू तथा दुनियाँ र आखिरतका

सम्पूर्ण भलाईहरू समावेश गरिएको छ ।

ताकि प्रत्येक तहतप्काका व्यक्तिले पूर्ण विश्वासका साथ कुर्आन र हदीसबाट प्रमाणित दुआहरूबाट लाभान्वित हुन सकुन् ।

यस पुस्तिकाको अर्को विशेषता के छ भने यसमा दुआको अर्थ, उच्चारण तथा हदीसहरूको श्रोत (किताबको अन्तमा) उल्लेख गरिएको छ ।

अल्लाहले हामी सबैलाई उहाँको अत्याधिक स्तुति एवं महिमागान गर्ने, दु:ख र सुख हरेक अवस्थामा मात्र उहाँलाई गुहार्ने अनि उहाँको असल भक्त बन्ने शक्ति प्रदान गरून् ।

हे अल्लाह ! कृपया मेरो यो सानो प्रयासलाई स्वीकार गरिदिनुहोस् । व सल्लल्लाहु अला नबीयेना मुहम्मद व अला आलेही व सहबेही अजमईन ।

**डा. अब्दुल्लाह बिन हमूद अल्-फोरैह**

## दुआको महत्व

हे मुस्लिम, तिमीहरू अल्लाहमा निर्भर छौ.... तर उहाँ निस्पृह, सुसम्पन्न र महान हुनुहुन्छ ।

कुर्आन र हदीसका यी केही दुआहरू हुन् ...... भित्रि मनबाट याद गर्नुहोस् ....।

यी दुआहरूमा दुनियाँ र आखिरतका सम्पूर्ण भलाईहरू समावेश गरिएको छ ।

सकेसम्म यी दुआहरूलाई कण्ठ पार्नुहोस् ।

कतिपय दुआले तपाईंका हरेक उद्देश्यलाई पूर्ति गर्ने छ ।

यसका शब्दहरू त थोरै छन् तर अर्थहरू धेरै छन् ।

तपाईंको मन र मस्तिष्कको उपस्थिति र अल्लाहप्रति विनम्रताको मात्र अभाव छ ...।

अर्को

पहिलो पृष्ठमा फर्कनुहोस्

# दुआ गर्ने तरिकाहरू

**पहिलो:** एख्लास हो । दुआ गर्ने व्यक्तिले मात्र अल्लाहसित दुआ (प्रार्थना) गर्नु पर्छ । भक्तका सम्पूर्ण आवश्यकताहरूलाई उहाँ नै पुरा गर्न सक्षम हुनुहुन्छ भन्ने कुरामा विश्वस्त हुनुपर्छ । त्यसैले अल्लाह बाहेक नबी, रसूल, वली, बाबा इत्यादिलाई गुहार्नु वा उनीहरूको वसीला (माध्यम) बाट दुआ गर्नु कदापि जायज छैन । अल्लाह ले भन्नुभएको छ :

﴿فَٱدۡعُواْ ٱللَّهَ مُخۡلِصِينَ لَهُ ٱلدِّينَ﴾ [غافر:١٤]

“तिमीहरू मात्र अल्लाहसित दुआ (प्रार्थना) गर ।” (सूरह मोमिन : १४)

**दोस्रो:** दुआ आफैंमा अल्लाहलाई मन पर्ने

एउटा उत्कृष्ट उपासना हो। दुआ स्वीकार हुनु वा नहुनु छुट्टै कुरा हो, तर दुआ गर्दा तपाईंले पुण्य पाउनुहुनेछ।

**तेस्रो:** अल्लाह नै तपाईंको दुआ (प्रार्थना) लाई स्वीकार गर्न सक्षम हुनुहुन्छ भन्ने कुरामा विश्वस्त हुनुपर्छ। त्यसैले उहाँसित नजिक हुनका लागि कुनै व्यक्ति विशेषको वसीला (माध्यम) लिनु पर्दैन, किनभने यो नाजायज र बिदअत हो।

**चौथो:** अल्लाह आफ्नो भक्तको तौबा (पश्चात्ताप) लाई सहर्ष स्वीकार गर्नुहुन्छ। तसर्थ, जुनसुकै पाप भएपनि उहाँको क्षमायाचनाबाट कहिल्यै निराश हुनु हुँदैन र उहाँको कृपाबाट कदापि टाढा हुनु हुँदैन। उहाँको भनाइ-

﴿إِنَّ ٱللَّهَ يَغۡفِرُ ٱلذُّنُوبَ جَمِيعًاۚ﴾ [زمر: ٥٣]

"अल्लाहले समस्त पापहरूलाई क्षमा

गर्नुहुन्छ ।” (सूरह जुमर : ५३) र उहाँको अर्को भनाइ-

﴿وَإِذَا سَأَلَكَ عِبَادِي عَنِّي فَإِنِّي قَرِيبٌ أُجِيبُ دَعْوَةَ الدَّاعِ إِذَا دَعَانِ﴾ [بقره: ١٨٦]

“यदि मेरा भक्तहरू मेरो बारेमा सोध्छन् भने भनिदेऊ, म उनीहरूदेखि एकदम नजिक छु र दुआ (प्रार्थना) गर्नेहरूको दुआलाई स्वीकार गर्दछु ।“ (सूरह बकरह : १८६) इत्यादि श्लोकहरूलाई सधैं स्मरण गर्नु पर्छ ।

**पाँचौं:** भक्तको खानपिन हलाल (वैध) हुनुपर्छ । अबू हुरैरह (रदियल्लाहु अन्हु) को हदीसमा छ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एकजना यात्रीको कथालाई वर्णन गर्दै भन्नुभयो:

«الرَّجُلَ يُطِيلُ السَّفَرَ أَشْعَثَ أَغْبَرَ، يَمُدُّ يَدَيْهِ إِلَى السَّمَاءِ، يَا رَبِّ، يَا رَبِّ، وَمَطْعَمُهُ حَرَامٌ، وَمَشْرَبُهُ حَرَامٌ، وَمَلْبَسُهُ حَرَامٌ، وَغُذِيَ بِالْحَرَامِ، فَأَنَّى يُسْتَجَابُ لِذَلِكَ؟»:

"लामो यात्राले गर्दा धुलैधूलोले ओतप्रोत भएको एकजना व्यक्ति आकाशतिर हात फैलाउदै, हे अल्लाह, हे अल्लाह, भनेर बारम्बार दुआ माग्दै बिलौना गर्दै थियो। तर उसको दुआ कसरी स्वीकार होस्! किनभने उसको खानपिन र उसले लगाएको लुगाफाटा सबै हराम तरिकाले आर्जन गरिएको छ।" (मुस्लिम : १०१५)

**छैठौं:** दुआ गर्ने व्यक्तिले निम्नलिखित दुआका तरिकाहरूको पालना गर्नु पर्छ, जस्तैः

## 1 वजू गरेर दुआ गर्नु।

यसको प्रमाण : अबु-मूसा (रदियल्लाहु अन्हु) को हदीसमा छ : अबू आमिरले अबू-मूसा (रदियल्लाहु अन्हु) लाई भने- 'नबी (सल्लल्लाहु अलैहि वसल्लम) सित मेरो लागि दुआ गर्न आग्रह गर्नु है' । उनको कुरा सुनेपछि उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले वजू गरी यसरी दुआ गर्नुभयो :

«اللَّهُمَّ اغْفِرْ لِعُبَيْدٍ، أَبِي عَامِرٍ»

''हे अल्लाह, आमिरलाई क्षमा गरिदेऊ, हे अल्लाह, कयामतको दिन उसलाई अरू भन्दा उच्च दर्जा प्रदान गरिदेऊ।

«اللَّهُمَّ اجْعَلْهُ يَوْمَ الْقِيَامَةِ فَوْقَ كَثِيرٍ مِنْ خَلْقِكَ، أَوْ مِنَ النَّاسِ»:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले

दुआ गर्दा आफ्नो हात फैलाएर यति माथि उठाउनु भयो कि उहाँको काखीको सेतोपन देखिन्थ्यो ।" (बुखारी : ४३२३) र (मुस्लिम : २४९८)

2 किब्लातर्फ अनुहार फर्काउनु ।

3 दुवै हात फैलाएर दुआ गर्नु ।

उक्त दुवै तरिकाको प्रमाण : अब्दुल्लाह बिन अब्बास (रदियल्लाहु अन्हुमा) को हदीसमा छ । उनले भने- उमर बिन खत्ताब (रदियल्लाहु अन्हुमा) ले बद्र नामी युद्धमा घटेको कुरा यसरी वर्णन गरे । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले काफिरतर्फ नजर घुमाउनुभयो, उनीहरू १,००० भन्दा बढी थिए, तर मुस्लिमहरू ३१९ मात्र थिए । त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले किब्लातर्फ अनुहार फर्काएर अनि आफ्नो दुवै हात फैलाएर दुआ गर्नुभयो :

«اللَّهُمَّ أَنْجِزْ لِي مَا وَعَدْتَنِي، اللَّهُمَّ آتِ مَا وَعَدْتَنِي»:

“हे अल्लाह, मसित गर्नुभएको वाचालाई पुरा गर्नुहोस्, हे अल्लाह, मलाई दिन्छु भनेको कुरा प्रदान गर्नुहोस् ।” (मुस्लिम : १७६३)

4 दुआ गर्दा पहिला अल्लाहको प्रशंसा व्यक्त गर्नु र त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) माथि दरूद पठाउनु ।

यसको प्रमाण : फजालह बिन ओबैद (रदियल्लाहु अन्हु) को हदीसमा छ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अल्लाहको प्रशंसा र रसूल (सल्लल्लाहु अलैहि वसल्लम) माथि दरूद नपठाईकन दुआ गर्न थालेको एकजना व्यक्तिको बारेमा भन्नुभयो : «عَجِلَ هَذَا»: “यसले दुआमा एकदमै हतार गर्यो ।” अनि

उसलाई बोलाएर सम्झाउदै भन्नुभयो :

«إِذَا صَلَّى أَحَدُكُمْ، فَلْيَبْدَأْ بِتَمْجِيدِ رَبِّهِ جَلَّ وَعَزَّ، وَالثَّنَاءِ عَلَيْهِ، ثُمَّ يُصَلِّي عَلَى النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، ثُمَّ يَدْعُو بَعْدُ بِمَا شَاءَ»:

"सुन, दुआ गर्दा पहिला अल्लाहको प्रशंसा व्यक्त गर, त्यसपछि म माथि दरूद पठाऊ अनि त्यसपछि आफ्नो आवश्यकता अनुसार दुआ माग।"

यदि कसैले पहिला अल्लाहको प्रशंसा अनि त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) माथि दरूद पठाउएर दुआ गर्छ भने स्वीकार हुने बढी सम्भावना हुन्छ।

5. दुआ गर्दा अल्लाहको बारेमा राम्रो सोच्नु, उहाँले अवश्य नै दुआ स्वीकार गर्नुहुन्छ भन्ने कुरामा निश्चिन्त हुनु र दुआ स्वीकार

भएन भनेर हतार नगर्नु।

यसको प्रमाण : अबु हु रैरह (रदियल्लाहु अन्हु) को हदीसमा छ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ :

«لَا يَزَالُ يُسْتَجَابُ لِلْعَبْدِ، مَا لَمْ يَدْعُ بِإِثْمٍ أَوْ قَطِيعَةِ رَحِمٍ، مَا لَمْ يَسْتَعْجِلْ»:

"जबसम्म भक्तले पाप गर्ने र रगतको नाता (साइनो) तोड्न दुआ अनि दुआमा हतार गर्दैन, तबसम्म अल्लाह दुआहरू स्वीकार गरिराख्नु हुन्छ। दुआमा हतार गर्नु भनेको के हो ?

«يَقُولُ قَدْ دَعَوْتُ وَقَدْ دَعَوْتُ، فَلَمْ أَرَ يَسْتَجِيبُ لِي، فَيَسْتَحْسِرُ عِنْدَ ذَلِكَ وَيَدَعُ الدُّعَاءَ»:

हे रसूल (सल्लल्लाहु अलैहि वसल्लम) भनेर उनीहरूले प्रश्न सोधे अनि उहाँले जवाफमा भन्नुभयो: भक्तले भन्छ- "मैले धेरै दुआ गरे

तर स्वीकार भएन अनि निराश भएर दुआ गर्न छाड्छ ।” (मुस्लिम : २७३५)

6 अल्लाहका उत्कृष्ट नामहरूद्वारा दुआ माग्नु । जस्तैः जीविकाको लागि ‘हे राजिक’ मलाई जीविका देऊ, दयाको लागि ‘हे रहमान’ ममाथि दया गर, इज्जत र शक्तिको लागि ‘हे अजीज’ मलाई शक्ति देऊ, माफीको लागि ‘हे गफूर’ मलाई क्षमा गर, रोग निवारणका लागि ‘हे शाफी’ मलाई निको पारिदेऊ इत्यादि ।

यसको प्रमाण : अल्लाहले कुर्आनमा भन्नुभएको छ :

﴿وَلِلَّهِ ٱلۡأَسۡمَآءُ ٱلۡحُسۡنَىٰ فَٱدۡعُوهُ بِهَاۖ﴾ [الأعراف:١٨٠]

“अल्लाहका उत्कृष्ट नामहरू छन्, त्यसलाई

वसीला (माध्यम बनाएर दुआ माग ।" (सूरह अल्-आराफ : १८०)

7 बारम्बार बिन्ति गर्दै दुआ माग्नु ।

यसको प्रमाण : अब्दुल्लाह बिन अब्बास (रदियल्लाहु अन्हुमा) को हदीसमा छ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले बद्र नामी युद्धमा अल्लाहसित :

«اللَّهُمَّ أَنْجِزْ لِي مَا وَعَدْتَنِي، اللَّهُمَّ آتِ مَا وَعَدْتَنِي»:

"हे अल्लाह, कृपया आफ्नो वाचालाई पुरा गर्नुहोस्, ... बिन्ति गर्दै बारम्बार दुआ माग्नु भयो यहाँसम्म कि उहाँको शरीरमा रहेको कपडा तल झर्यो अनि अबु-बकर (रदियल्लाहु अन्हु) ले भने- "उठ्नुस, हजुरले धेरै बिन्ती बिसाउनुभयो । अल्लाहले तपाईंको दुआलाई अवश्य स्वीकार

गर्नुहुन्छ ।" (मुस्लिम : १७६३)

अर्को प्रमाण बुखारी र मुस्लिमको हदीसमा छ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले 'दौस' नामी गोत्रको हिदायतको लागि "हे अल्लाह,

«اللَّهُمَّ اهْدِ دَوْساً وائْتِ بهم، اللَّهُمَّ اهْدِ دَوْساً وائت بهم»:

'दौस' (गोत्र) लाई हिदायत (सिधा बाटोमा डोर्याइ) देऊ र उनीहरूलाई मसम्म पुर्याई देऊ भनेर बारम्बार दुआ गर्नुभएको थियो ।" (बुखारी : २९३७) र (मुस्लिम : २५२४)

8 मसिनो आवाजमा दुआ गर्नु ।

यसको प्रमाण : अल्लाहले भन्नुभएको छ :

﴿ٱدْعُوا۟ رَبَّكُمْ تَضَرُّعًا وَخُفْيَةً﴾ [الأعراف: ٥٥]

"आफ्नो पालनकर्तालाई बिलौना गर्दै

बिस्तारै पुकार्ने गर।” (सूरह अल्-आराफ : ५५)

हो, दुआ बिस्तारै गर्नुपर्छ, किनभने यसमा कुनै अभिनय र देखावटी (रिया) हुँदैन। त्यसैले अल्लाहले जकरिया (अलैहिस्सलाम) को दुआ गर्ने शैलीको प्रशंसा गर्दै भन्नुभएको छ :

﴿إِذۡ نَادَىٰ رَبَّهُۥ نِدَآءً خَفِيّٗا ٣﴾ [مريم: ٣]

“जब उनले आफ्नो पालनकर्तालाई मसिनो आवाजमा गुहारे।” (सूरह मर्यम : ३)

9 दुआमा अल्लाहको प्रशंसा एवं महिमागानलाई समावेश गर्नुपर्छ। भक्तले अल्लाहको प्रशंसा र उहाँको गुणगानको बखान गरुन् भनी उहाँको चाहना हो। तर उहाँ यो दुनियाँ र यसमा भए भरका हरेक कुराबाट निस्पृह हुनुहुन्छ।

इब्ने मस-ऊदको हदीसमा छ, रसूल

(सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो :

«وَلَا أَحَدٌ أَحَبَّ إِلَيْهِ الْمَدْحُ مِنَ اللهِ وَلِذَلِكَ مَدَحَ نَفْسَهُ»:

"प्रशंसा र गुणगान योग्य अल्लाह बाहेक अरू कोही छैन, त्यसैले उहाँले आफ्नो प्रशंसा गर्नुभएको छ ।" (बुखारी : ४६३४) र (मुस्लिम : २७६०)

10 जुन समय र अवस्थाहरूमा दुआ कबुल हुने संभावना बढी हुन्छ, त्यस समयमा दुआ गर्नु ।

दुआ कबुल हुने प्रमाणित समयहरू :

- ☐ अजान र इकामतको बीचमा ।
- ☐ रातको अन्तिम प्रहरमा ।
- ☐ शुक्रबारको दिन अन्तिम समयमा ।

- ☐ प्रत्येक सलाह पश्चात।
- ☐ सज्दाको अवस्थामा।
- ☐ बर्षा हुने समयमा।
- ☐ एउटा मुस्लिमले अर्को मुस्लिमको लागि उसको अनुपस्थितिमा गरेको दुआ।
- ☐ सन्तानको लागि बुवाको दुआ।
- ☐ यात्रुको दुआ।
- ☐ पीडितको अभिशाप।

# अल्लाहको प्रशंसा



अर्को

पहिलो पृष्ठमा फर्कनुहोस्

﴿ٱلْحَمْدُ لِلَّهِ رَبِّ ٱلْعَٰلَمِينَ ۝٢ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ ۝٣ مَٰلِكِ يَوْمِ ٱلدِّينِ ۝٤﴾

[الفاتحة: ٢-٤]

सम्पूर्ण किसिमका प्रशंसा तथा महिमागानहरू मात्र एक अल्लाहका लागि हुन् । उहाँ नै सम्पूर्ण जगतका सृष्टिकर्ता हुनुहुन्छ । उहाँ अत्यन्तै करूणामय र परम दयालु हुनुहुन्छ । महाप्रलय (कयामत) को दिनको मालिक हुनुहुन्छ । (सूरह अल्-फतिहा : २-४)

﴿ٱلۡحَمۡدُ لِلَّهِ فَاطِرِ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ جَاعِلِ ٱلۡمَلَٰٓئِكَةِ رُسُلًا أُوْلِيٓ أَجۡنِحَةٖ مَّثۡنَىٰ وَثُلَٰثَ وَرُبَٰعَۚ يَزِيدُ فِي ٱلۡخَلۡقِ مَا يَشَآءُۚ إِنَّ ٱللَّهَ عَلَىٰ كُلِّ شَيۡءٖ قَدِيرٞ ١﴾ [فاطر:١]

सम्पूर्ण प्रशंसाहरू अल्लाहका लागि छन् जसले आकाशहरू र पृथ्वीलाई सृष्टि गर्नुभयो । अनि दुईवटा, तीनवटा, एवं चारवटा पखेटाहरू भएका फरिश्ताहरूलाई सन्देशवाहक बनाएर पठाउनुभयो । उहाँ आफ्नो सृष्टिमा जे चाहनुहुन्छ बृद्धि गर्नुहुन्छ । वास्तवमा, अल्लाह हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ । (सूरह फातिर : १)

﴿ٱلۡحَمۡدُ لِلَّهِ ٱلَّذِي خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَ وَجَعَلَ ٱلظُّلُمَٰتِ وَٱلنُّورَۖ﴾ [الأنعام:١]

सम्पूर्ण किसिमका प्रशंसा तथा महिमागानहरू अल्लाहकै लागि हुन्, जसले आकाशहरू तथा पृथ्वीलाई सृष्टि गर्नुभयो । अनि रातलाई अन्धकार र दिनलाई प्रकाशमय बनाउनुभयो ।

(सूरह अल्-अन्आम : १)

﴿ٱلۡحَمۡدُ لِلَّهِ ٱلَّذِي لَهُۥ مَا فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي ٱلۡأَرۡضِ وَلَهُ ٱلۡحَمۡدُ فِي ٱلۡأٓخِرَةِۚ وَهُوَ ٱلۡحَكِيمُ ٱلۡخَبِيرُ ١﴾ [سبأ:١]

सम्पूर्ण किसिमका प्रशंसा तथा महिमागानहरू अल्लाहकै लागि हुन् । आकाशहरू र पृथ्वीमा रहेका सबै वस्तुहरू उहाँ कै हुन् । परलोकमा पनि उहाँ कै लागि प्रशंसा छ । उहाँ तत्वदर्शी र विज्ञ हुनुहुन्छ । (सूरह सबा : १)

1

«الْحَمْدُ لِلَّهِ حَمْدًا كَثِيرًا طَيِّبًا مُبَارَكًا فِيهِ»

*अल्हम्दु लिल्लाही हम्दन् कसीरन् तैय्येबन् मोबारकन् फीह ।*

सम्पूर्ण किसिमका प्रशंसा तथा महिमागानहरू अल्लाहकै लागि हुन् । उहाँ पवित्र र मंगलमय हुनुहुन्छ ।

2

«رَبَّنَا لَكَ الْحَمْدُ مِلْءُ السَّمَاوَاتِ وَالْأَرْضِ، وَمِلْءُ مَا شِئْتَ مِنْ شَيْءٍ بَعْدُ، أَهْلَ الثَّنَاءِ وَالْمَجْدِ، أَحَقُّ مَا قَالَ الْعَبْدُ، وَكُلُّنَا لَكَ عَبْدٌ: اللَّهُمَّ لَا مَانِعَ لِمَا أَعْطَيْتَ، وَلَا مُعْطِيَ لِمَا مَنَعْتَ، وَلَا يَنْفَعُ ذَا الْجَدِّ مِنْكَ الْجَدُّ»

*रब्बना ल कल्-हम्द, मिल्-उस्समावाते वल्-अर्द, व मिल्-उ मा शे त, मिन् शैइन् बाअ्दो, अह-लस्सनाए वल्-मज्दे, अहक्को मा कालल्-अब्दो, व कुल्लुना ल क अब्द, अल्ला हुम्म ला मानिआ लिमा आतैत्, वला मुतिआ लिमा मना त, व ला यन्फओ जलजद्दे मिन्कल् जद्द ।*

हे हाम्रा पालनकर्ता, आकाश र पृथ्वी बराबर जति महिमागानहरू तपाईंकै लागि हुन् । तथा त्यसपछि तपाईंले चाहे जति महिमागानहरू पनि तपाईंकै लागि हुन् । तपाईं नै प्रशंसा र गुणगानका असल हकदार हुनुहुन्छ । भक्तले ठीकै भन्यो । हामी सबै तपाईंकै भक्त हौं । हे अल्लाह, तपाईं जसलाई दिन चाहनुहुन्छ त्यसलाई कोही रोक्न सक्दैन र जसलाई दिन चाहनुहुन्न उसलाई कोही दिन सक्दैन । कुनै पहुँचवालाको पहुँचले कुनै फाइदा पुर्याउने छैन ।

3

«اللَّهُمَّ لَكَ الْحَمْدُ كُلُّهُ، وَإِلَيْكَ يَرْجِعُ الْأَمْرُ كُلُّهُ»

*अल्ला हुम्म ल कल्-हम्दु कुल्लुहु व एलै क यर्जे उल्- अम्रो कुल्लुहु ।*

हे अल्लाह, सम्पूर्ण प्रशंसा तथा महिमागानहरू तपाईंकै लागि हुन् । सबै मामिलाहरू तपाईंतिर नै फर्काइनेछ ।

4

«اللَّهُمَّ رَبَّنَا لَكَ الحَمْدُ أَنْتَ قَيِّمُ السَّمَوَاتِ وَالأَرْضِ، وَلَكَ الحَمْدُ أَنْتَ رَبُّ السَّمَوَاتِ وَالأَرْضِ وَمَنْ فِيهِنَّ، وَلَكَ الحَمْدُ أَنْتَ نُورُ السَّمَوَاتِ وَالأَرْضِ وَمَنْ فِيهِنَّ، أَنْتَ الحَقُّ، وَقَوْلُكَ الحَقُّ، وَوَعْدُكَ الحَقُّ، وَلِقَاؤُكَ الحَقُّ، وَالجَنَّةُ حَقٌّ، وَالنَّارُ حَقٌّ، (وَالنَّبِيُّونَ حَقٌّ، وَمُحَمَّدٌ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ حَقٌّ) وَالسَّاعَةُ حَقٌّ، اللَّهُمَّ لَكَ أَسْلَمْتُ، وَبِكَ آمَنْتُ، وَعَلَيْكَ تَوَكَّلْتُ، (وَإِلَيْكَ أَنَبْتُ) وَإِلَيْكَ خَاصَمْتُ، وَبِكَ حَاكَمْتُ، فَاغْفِرْ لِي مَا قَدَّمْتُ وَمَا أَخَّرْتُ، وَأَسْرَرْتُ وَأَعْلَنْتُ، وَمَا أَنْتَ أَعْلَمُ بِهِ مِنِّي، (أَنْتَ المُقَدِّمُ، وَأَنْتَ المُؤَخِّرُ) لاَ إِلَهَ إِلَّا أَنْتَ»

अल्ला हुम्म रब्बना ल कल्-हम्दु, अन्त कैय्ये मुस्समावाते वल्-अर्दे, व ल कल्-हम्दु, अन्त रब्बुस्समावाते वल्-अर्दे व मन् फिहीन्न, व ल कल्-हम्दु अन्त नूरूस्समावाते वल्-अर्दे व मन् फिहीन्न, अन्तल्-हक्कु व कौलुकल्-हक्कु, व वाअ्दु कल्-हक्कु, व लिका-ओकल्-हक्कु, वल्-जन्नतु हक्कुन्, वन्-नारू हक्कुन्, (वन्नबीयून हक्कुन्, व मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम हक्क) वस्साअतु हक्कुन्, अल्लाहुम्म, ल्-क अस-लम्तु, व बि-क आमन्तु, व अलैक तवक्कल्तु, व एलैक अनब्तु, व बि क खासम्तु, व एलैक हाकम्तु, फग-फिर्ली मा कद्-दम्तु, वमा अख्-खर्तु वमा अस्-रर तु व आलन्तु, वमा अन्त आअलमो बेही मिन्नी, (अन्तल्-मोकद्देमु व अन्तल्-मोअख्खेरो) ला इला ह इल्ला अन्त ।

हे हाम्रा पालनकर्ता, सम्पूर्ण प्रशंसा तथा महिमागानहरू तपाईंकै लागि हुन् । आकाशहरू र पृथ्वीका महाप्रबन्धक तपाईं नै हुनुहुन्छ । सम्पूर्ण प्रशंसा तथा महिमागानहरू तपाईंकै लागि हुन् । आकाशहरू र पृथ्वी र यसमा रहेका हरेक वस्तुको पालनकर्ता तपाईं नै हुनुहुन्छ । सम्पूर्ण प्रशंसा तथा महिमागानहरू तपाईंकै लागि हुन् । आकाशहरू र पृथ्वी र यसमा रहेका हरेक वस्तुको प्रकाश तपाईं नै हुनुहुन्छ । तपाईं नितान्त सत्य हुनुहुन्छ । तपाईंको वचन, वाचा, तपाईंसंगको भेट, स्वर्ग, नर्क, (सम्पूर्ण नबीहरू र मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) र महाप्रलय (कयामत) सबै सत्य हुन् । हे अल्लाह ! तपाईंकै लागि इस्लामलाई आत्मसात गरें,

तपाईंमाथि ईमान ल्याए, तपाईंमाथि भरोसा गरें, तपाईंतर्फ फर्कें, तपाईंकै लागि झगडा गरें, तपाईंलाई नै निर्णायक ठानें, तसर्थ, मेरा अघिल्ला-पछिल्ला, मैले लुकाएको र उजागर गरेको र तपाईंले मभन्दा बढी जान्नुभएको सबै पापहरूलाई क्षमा गरिदिनुहोस् । तपाईं नै उच्च स्थान र इज्जत दिन सक्नुहुन्छ र तल तथा नाङ्गोझार पार्न सक्नुहुन्छ, तपाईं बाहेक कोही पूज्य छैन ।

﴿ٱللَّهُمَّ مَٰلِكَ ٱلۡمُلۡكِ تُؤۡتِي ٱلۡمُلۡكَ مَن تَشَآءُ
وَتَنزِعُ ٱلۡمُلۡكَ مِمَّن تَشَآءُ وَتُعِزُّ مَن تَشَآءُ
وَتُذِلُّ مَن تَشَآءُۖ بِيَدِكَ ٱلۡخَيۡرُۖ إِنَّكَ عَلَىٰ كُلِّ
شَيۡءٖ قَدِيرٞ ٢٦ تُولِجُ ٱلَّيۡلَ فِي ٱلنَّهَارِ وَتُولِجُ
ٱلنَّهَارَ فِي ٱلَّيۡلِۖ وَتُخۡرِجُ ٱلۡحَيَّ مِنَ ٱلۡمَيِّتِ
وَتُخۡرِجُ ٱلۡمَيِّتَ مِنَ ٱلۡحَيِّۖ وَتَرۡزُقُ مَن تَشَآءُ
بِغَيۡرِ حِسَابٖ ٢٧﴾ [آل عمران:٢٦-٢٧]

हे अल्लाह, तपाईं नै लोक र परलोकका पालनकर्ता हुनुहुन्छ। तपाईं जसलाई चाहनुहुन्छ राज्य प्रदान गर्नुहुन्छ र जसबाट चाहनुहुन्छ राज्य खोस्नुहुन्छ । जसलाई चाहनुहुन्छ सम्मानित

गर्नुहुन्छ अनि जसलाई चाहनुहुन्छ अपमानित गर्नुहुन्छ । सबै भलाइ तपाईंकै हातमा छ । निश्चय नै तपाईं सबै कार्यको सामर्थ्य राख्नुहुन्छ । तपाईं रातलाई दिनमा र दिनलाई रातमा प्रवेश गराउनुहुन्छ । तपाईं निर्जीवबाट सजीव र सजीवबाट निर्जीव सृष्टि गर्नुहुन्छ । तपाईं जसलाई चाहनुहुन्छ बिना हिसाब जीविका प्रदान गर्नुहुन्छ ।

(सूरह आले इम्रान का २६ र २७ नम्बरका आयतहरू। आयतको शुरूवातमा रहेको पहिलो शब्द ‘कुल' लाई दुआले गर्दा नलेखिएको हो)

5

«اللَّهُمَّ رَبَّ السَّمَوَاتِ وَرَبَّ الْأَرْضِ وَرَبَّ
الْعَرْشِ الْعَظِيمِ، رَبَّنَا وَرَبَّ كُلِّ شَيْءٍ، فَالِقَ
الْحَبِّ وَالنَّوَى، وَمُنْزِلَ التَّوْرَاةِ وَالْإِنْجِيلِ
وَالْفُرْقَانِ، أَعُوذُ بِكَ مِنْ شَرِّ كُلِّ شَيْءٍ
أَنْتَ آخِذٌ بِنَاصِيَتِهِ، اللَّهُمَّ أَنْتَ الْأَوَّلُ
فَلَيْسَ قَبْلَكَ شَيْءٌ، وَأَنْتَ الْآخِرُ فَلَيْسَ
بَعْدَكَ شَيْءٌ، وَأَنْتَ الظَّاهِرُ فَلَيْسَ فَوْقَكَ
شَيْءٌ، وَأَنْتَ الْبَاطِنُ فَلَيْسَ دُونَكَ شَيْءٌ،
اقْضِ عَنَّا الدَّيْنَ، وَأَغْنِنَا مِنَ الْفَقْرِ»

*अल्ला हुम्म रब्बस-समावाते व रब्बल्-अर्दे व रब्बल्-अर्शिल्-अजीम, रब्बना व रब्ब कुल्ले शै। फालिकल्-हब्बे वन्नवा व मुन्जेलत्-तौराते वल्-इन्जीले वल्-फुर्कानि। अऊजु बि क मिन शर्रे कुल्ले शैइन् अन्त आखेजुन बे नासीयतेही। अल्ला हुम्म अन्तल्-औव्वलो फलै स कब्लक शैउन व अन्तल्-आखेरो फलै स बाअ दक शैउन, व अन्तज्जाहेरो फलै स फौ क क शैउन, व अन्तल्-बातेनो फलै स दू न क शैउन, इक्जे अन्नद-दैन व अग्-नेना मिनल्-फक्रे।*

हे आकाशहरू, पृथ्वी र विशाल अर्श (सिंहासन) को स्वामी, तपाईं नै हाम्रा र सम्पूर्ण सृष्टिका पालनकर्ता हुनुहुन्छ। तपाईंले नै दाना र बोटबिरूवालाई उमार्नु हुन्छ। तपाईंले नै तौरात,

इन्जील र फुर्कान (कुर्आन) लाई अवतरण गर्नुभयो। तपाईं नै पहिलो हुनुहुन्छ, तपाईं भन्दा पहिले केही छैन र तपाईं अन्तिम हुनुहुन्छ, तपाईं भन्दा पछि केही छैन। तपाईं नै वाह्य हुनुहुन्छ, तपाईं माथि कोही छैन र तपाईं आन्तरिक हुनुहुन्छ, तपाईं भन्दा सुक्ष्म केही छैन। हाम्रो ऋणलाई चुक्ता गराई दिनुहोस् र हामीलाई दरिद्रताबाट सम्पन्न बनाउनुहोस्।

## 6

«اللَّهُمَّ إِنِّي أُشْهِدُكَ وَأُشْهِدُ مَلَائِكَتَكَ وَحَمَلَةَ عَرْشِكَ، وَأُشْهِدُ مَنْ فِي السَّمَاوَاتِ وَمَنْ فِي الْأَرْضِ، أَنَّكَ أَنْتَ اللَّهُ لَا إِلَهَ إِلَّا أَنْتَ وَحْدَكَ لَا شَرِيكَ لَكَ، وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُكَ وَرَسُولُكَ»

*अल्ला हुम्म इन्नी उश्हेदु क, व उश्हेदु मला एक त क, व ह म ल त अर्शि क, व अश्-हदो मन फिस्समा वाते व मन फिल्- अर्दे, अन्न क अन्तल्लाह, ला इला ह इल्ला अन्त, वह्-द क ला शरी क ल क, व अश्-हदो अन्न मोहम्मदन् अब्दु क व रसूलो क।*

हे अल्लाह, म तिम्रो गवाही दिन्छु र तिम्रा फरिशताहरू र अर्श (सिंहासन) लाई उठाएका फरिशताहरूको पनि साक्षी दिन्छु । आकाशहरू र पृथ्वीका सबै कुराहरू तिम्रै हुन् । तपाईं नै सत्य ईश्वर हुनुहुन्छ । तपाईं बाहेक कोही पूज्य छैन । तपाईंको उपासनामा कोही साझेदार छैन र म गवाही दिन्छु, मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) तपाईंको भक्त र रसूल हुनुहुन्छ ।

7

«اللَّهُمَّ إِنِّي أَسْأَلُكَ بِأَنِّي أَشْهَدُ أَنَّكَ أَنْتَ اللهُ
لاَ إِلَهَ إِلَّا أَنْتَ الأَحَدُ الصَّمَدُ، الَّذِي لَمْ يَلِدْ
وَلَمْ يُولَدْ وَلَمْ يَكُنْ لَهُ كُفُوًا أَحَدٌ»

*अल्ला हुम्म इन्नी अस-अलु क बे अन्नी अश्-हदो अन्न क अन्तल्लाहो, ला इला ह इल्ला अन्तल्-अ ह दुस्समद, अल्लजी लम् यलिद,व लम् यू लद, व लम् यकुल्लहु कोफो वन अहद ।*

हे अल्लाह, तपाईंसित नै प्रार्थना गर्दछु । तपाईं नै अल्लाह हुनुहुन्छ र तपाईं बाहेक कोही पूज्य छैन भन्ने कुराको गवाही दिन्छु । तपाईं निस्पृह हुनुहुन्छ । नत तपाईं कसैबाट जन्मिनुभएको छ न कोही तपाईंबाट जन्मेको छ र तपाईं जस्तो कोही छैन ।

(यो दुआलाई ‘इस्मुल्लाह अल्-आजम्’ भनिन्छ । यो पढेर दुआ गरियो भने दुआ स्वीकार हुन्छ)

8

«لَا إِلَٰهَ إِلَّا اللّٰهُ الْعَظِيمُ الْحَلِيمُ، لَا إِلَٰهَ إِلَّا اللّٰهُ رَبُّ الْعَرْشِ الْعَظِيمِ، لَا إِلَٰهَ إِلَّا اللّٰهُ رَبُّ السَّمَاوَاتِ وَرَبُّ الْأَرْضِ وَرَبُّ الْعَرْشِ الْكَرِيمِ»

*ला इला ह इल्-लल्ला हुल्-अजी मूल्-हलीम, ला इला ह इल्-लल्ला हु रब्बुल अर्शिल्-अजीम, ला इला ह इल्-लल्ला हु रब्बुस्समा वाते व रब्बुल्-अर्दे, व रब्बुल अर्शिल्-करीम ।*

सर्वशक्तिमान र महान अल्लाह बाहेक अन्य कोही उपास्य छैन । विशाल अर्शको स्वामी अल्लाह बाहेक अन्य कोही उपास्य छैन । आकाशहरू, पृथ्वी र गरिमामय सिंहासनको पालनकर्ता बाहेक अन्य कोही उपास्य छैन ।

(दु: ख र चिन्ताको दुआ)

9

«اللّٰهُ، اللّٰهُ رَبِّي لَا أُشْرِكُ بِهِ شَيْئًا»

*अल्लाहु, अल्लाहु रब्बी ला उश्रेको बेही शैया ।*

अल्लाह नै मेरो पालनकर्ता हुनुहुन्छ । उहाँको उपासनामा कोही साझेदार छैन ।

(दुः ख र चिन्ताको दुआ)

10

«لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، اللهُ أَكْبَرُ كَبِيرًا، وَالْحَمْدُ لِلهِ كَثِيرًا، سُبْحَانَ اللهِ رَبِّ الْعَالَمِينَ، لَا حَوْلَ وَلَا قُوَّةَ إِلَّا بِاللهِ الْعَزِيزِ الْحَكِيمِ»

*ला इला ह इल्लल्लाहु वह्-दहू ला शरी क लहु, अल्लाहु अकबर कबीरा, वल्-हम्दो लिल्लाही कसीरा, सुब्हा नल्लाही रब्बिल्-आ लमीन, ला हौ ल वला कुव्व त इल्ला बिल्ला हिल्-अजीजिल्-हकीम ।*

एक अल्लाह बाहेक कोही सत्य पूज्य छैन । उहाँको कोही साझेदार छैन । उहाँ अति महान

हुनुहुन्छ । सम्पूर्ण प्रशंसाहरू उहाँकै लागि हुन् । उहाँ लोक परलोकका पालनकर्ता र हरेक कमीकमजोरीबाट पवित्र हुनुहुन्छ । महान र तत्वदर्शी अल्लाहको शक्ति बिना नत गलत कामबाट जोगिन सकिन्छ नत पुण्य नै गर्न सकिन्छ।

11

«لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ، وَلَهُ الْحَمْدُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ، سُبْحَانَ اللهِ، وَالْحَمْدُ لِلَّهِ، وَلَا إِلَهَ إِلَّا اللهُ، وَاللهُ أَكْبَرُ، وَلَا حَوْلَ وَلَا قُوَّةَ إِلَّا بِاللهِ الْعَلِيِّ الْعَظِيمِ»

*ला इला ह इल्लल्लाहु वह्-दहू ला शरी क लहु, लहुल्मुल्कु व लहुल् हम्दु वहुव अला कुल्लि शैइन कदीर, सुब्हानल्लाह, वल्हम्दु-लिल्लाह, व ला इला ह इल्लल्लाह, वल्लाहु अक्बर, वला हौ ल वला कुव्व त इल्ला बिल्ला हिल्-अलिय्यिल्-अजीम ।*

## अल्लाहको प्रशंसा

एक अल्लाह बाहेक कोही सत्य पूज्य छैन । उहाँको कोही साझेदार छैन । राज्य र प्रशंसाहरू उहाँकै लागि हुन् । उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ । उहाँ पवित्र हुनुहुन्छ । सम्पूर्ण प्रशंसाहरू उहाँकै लागि हुन् । उहाँ बाहेक कोही सत्य पूज्य छैन । उहाँ अति महान हुनुहुन्छ । महान र तत्वदर्शी अल्लाहको शक्ति बिना नत गलत कामबाट जोगिन सकिन्छ नत पुण्य नै गर्न सकिन्छ ।

12

«لَا إِلَٰهَ إِلَّا اللهُ وَحْدَهُ، أَنْجَزَ وَعْدَهُ، وَنَصَرَ عَبْدَهُ، وَهَزَمَ الْأَحْزَابَ وَحْدَهُ»

*ला इला ह इल्लल्लाहु वह्-दह, अन्ज ज वाअ्दह, व न स र अब्दह, व ह ज मल् अह्जाब वह्-दह।*

एक अल्लाह बाहेक कोही सत्य पूज्य छैन। उहाँले आफ्नो वाचा पुरा गर्नुभयो। आफ्नो भक्तको मद्दत गर्नुभयो र सम्पूर्ण दलहरूलाई एक्लै पराजित गर्नुभयो।

13

«اللَّهُمَّ أَنْتَ رَبِّي لاَ إِلَهَ إِلَّا أَنْتَ، خَلَقْتَنِي
وَأَنَا عَبْدُكَ، وَأَنَا عَلَى عَهْدِكَ وَوَعْدِكَ مَا
اسْتَطَعْتُ، أَعُوذُ بِكَ مِنْ شَرِّ مَا صَنَعْتُ،
أَبُوءُ لَكَ بِنِعْمَتِكَ عَلَيَّ، وَأَبُوءُ لَكَ بِذَنْبِي
فَاغْفِرْ لِي، فَإِنَّهُ لاَ يَغْفِرُ الذُّنُوبَ إِلَّا أَنْتَ»

*अल्ला हुम्म अन्त रब्बी, ला इला ह इल्ला अन्त, खलक्त नी व अ न अब्दोक व अ न अला अह्दिक व वाअ्दिक मस्तताअ्तो, अ ऊ जु बि क मिन् शर्रे मा सनाअ्तो, अबूओ ल क बि निअ्मतिक अलैय्य व अबूऊ ल क बिजम्बी, फग-फिर ली, फइन्नहु ला यग्फे रूज्जोनू ब इल्ला अन्त ।*

हे अल्लाह, तिमी नै मेरो पालनकर्ता हौ, तिमी बाहेक अरू कोही सत्य ईश्वर छैन, तिमीले नै मलाई सृष्टि गर्यौं र म तिम्रै भक्त हुँ, क्षमताले भ्याएसम्म तिम्रो वचन र प्रतिज्ञामाथि कायम रहनेछु। मैले गरेको पापबाट तिम्रो शरण चाहन्छु। तिमीले ममाथि गरेको उपकारको बखान गर्दछु तथा आफ्नो गल्तीलाई महसुस गर्दछु। अतः मलाई क्षमा गर। तिमी बाहेक अरू कसैले माफ गर्न सक्दैन।

14

«اللَّهُمَّ إِنِّي أَسْأَلُكَ بِأَنَّ لَكَ الْحَمْدُ، لَا إِلَهَ إِلَّا أَنْتَ الْمَنَّانُ، بَدِيعُ السَّمَوَاتِ وَالْأَرْضِ، يَا ذَا الْجَلَالِ وَالْإِكْرَامِ، يَا حَيُّ يَا قَيُّومُ»

*अल्ला हुम्म इन्नी अस-अलु क बि अन्न ल कल्-हम्दो, ला इला ह इल्ला अन्तल्-मन्नान, बदी उस्समा वाते वल्-अर्द, या जल्-जलाले वल्-इक्राम या हैय्यो या कैय्यूम ।*

हे अल्लाह, तपाईंसित नै प्रार्थना गर्दछु । सम्पूर्ण प्रशंसाहरू तपाईंकै लागि छन् । तपाईं नै महादाता हुनुहुन्छ र तपाईं बाहेक कोही पूज्य छैन । हे सधैं जीवित रहिरहने महान अल्लाह, तपाईं नै आकाशहरू र पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ ।

(यो दुआलाई 'इस्मुल्लाह अल्-आजम्' भनिन्छ । यो पढेर दुआ गरियो भने दुआ स्वीकार हुन्छ)

15

«سُبْحَانَكَ مَا أَعْظَمَكَ رَبَّنَا»

*सुब्हा नक मा आ ज म क रब्बना।*

हे हाम्रा पालनकर्ता, तपाईं महान र पवित्र हुनुहुन्छ।

16

«سُبْحَانَ ذِي الْجَبَرُوتِ وَالْمَلَكُوتِ وَالْكِبْرِيَاءِ وَالْعَظَمَةِ»

*सुब्हा न जिल्-ज ब रूति वल्-म ल कूति वल्-किब-रियाए वल्-अ ज मति।*

तपाईं पवित्र, महान, शक्तिशाली र सम्पूर्ण राज्यहरूका स्वामी हुनुहुन्छ।

17

«اللهُ أَكْبَرُ اللهُ أَكْبَرُ اللهُ أَكْبَرُ ذُو الْمَلَكُوتِ وَالْجَبَرُوتِ وَالْكِبْرِيَاءِ وَالْعَظَمَةِ»

*अल्लाहु अकबर (३ पटक) जुल्-म ल कूति वल्- ज ब रूति वल्-किब-रियाए वल्-अ ज मति।*

अल्लाह सबैभन्दा महान हुनुहुन्छ (३ पटक)। उहाँ पवित्र, शक्तिशाली र सम्पूर्ण राज्यहरूका स्वामी हुनुहुन्छ।

## 18

«اللهُ أَكْبَرُ كَبِيرًا، وَالْحَمْدُ لِلَّهِ كَثِيرًا، وَسُبْحَانَ اللهِ بُكْرَةً وَأَصِيلًا»

*अल्लाहु अकबर कबीरा वल्-हम्दु लिल्लाही कसीरा व सुब्हानल्लाही बुकरतौ व असीला।*

अल्लाह सबैभन्दा महान हुनुहुन्छ । सम्पूर्ण प्रशंसाहरू उहाँकै लागि हुन् । बिहान बेलुका उहाँकै महिमागान छ ।

दुआ गर्ने व्यक्तिले अल्लाहको प्रशंसा पश्चात रसूल सल्लल्लाहु अलैहि व सल्लम माथि दरूद पठाउनु पर्छ ।

«اللَّهُمَّ صَلِّ وَسَلِّم عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ، كَمَا صَلَّيْتَ عَلَى إِبْرَاهِيمَ، وَعَلَى آلِ إِبْرَاهِيمَ، إِنَّكَ حَمِيدٌ مَجِيدٌ»

अल्ला हुम्म सल्लि अला मुहम्मद्, व अला आलि मुहम्मद्, कमा सल्लैत अला इब्राहीम्, व अला आलि इब्राहीम इन्नक हमीदुम्मजीद ।

صحيح الدعاء والثناء على الله تعالى

# कुर्आनका दुआहरू

अर्को

पहिलो पृष्ठमा फर्कनुहोस्

1

﴿حَسۡبِيَ ٱللَّهُ لَآ إِلَٰهَ إِلَّا هُوَۖ عَلَيۡهِ تَوَكَّلۡتُۖ وَهُوَ رَبُّ ٱلۡعَرۡشِ ٱلۡعَظِيمِ ١٢٩﴾ [التوبة:١٢٩]

मेरो लागि अल्लाह पर्याप्त हुनुहुन्छ। उहाँबाहेक अरू कोही उपास्य छैन। मैले उहाँमाथि भरोसा गरिसकेको छु। उहाँ विशाल अर्श (सिन्हासन) को पालनकर्ता हुनुहुन्छ। (सूरह अत्-तौबा : १२९)

2

﴿لَّآ إِلَٰهَ إِلَّآ أَنتَ سُبۡحَٰنَكَ إِنِّي كُنتُ مِنَ ٱلظَّٰلِمِينَ ٨٧﴾ [الأنبياء:٨٧]

तपाईंबाहेक अरू कोही सत्य उपास्य छैन । तपाईं पवित्र हुनुहुन्छ र म नै अत्याचारीहरूमध्ये हुँ। (सूरह अल्-अम्बिया : ८७)

3

﴿رَبِّ ٱجۡعَلۡنِي مُقِيمَ ٱلصَّلَوٰةِ وَمِن ذُرِّيَّتِيۚ رَبَّنَا وَتَقَبَّلۡ دُعَآءِ ٤٠﴾ [إبراهيم: ٤٠]

हे मेरा पालनकर्ता ! मलाई र मेरा सन्तानहरूलाई पूर्णरूपमा सलाह कायम गर्नेवाला बनाउनुहोस् । हे पालनकर्ता ! मेरो दुआ स्वीकार गर्नुहोस् । (सूरह इब्राहीम : ४०)

4

﴿هُنَالِكَ دَعَا زَكَرِيَّا رَبَّهُۥۖ قَالَ رَبِّ هَبۡ لِي مِن لَّدُنكَ ذُرِّيَّةٗ طَيِّبَةًۖ إِنَّكَ سَمِيعُ ٱلدُّعَآءِ ٣٨﴾ [آل عمران:٣٨]

हे मेरा पालनकर्ता ! मलाई एउटा असल छोरा प्रदान गर्नुहोस् । अवश्य नै, तपाईं दुआ सुन्नुहुन्छ र त्यसलाई पुरा गर्नुहुन्छ । (सूरह आले इम्रान : ३८)

5

﴿رَبَّنَا ٱغۡفِرۡ لَنَا ذُنُوبَنَا وَإِسۡرَافَنَا فِيٓ أَمۡرِنَا وَثَبِّتۡ أَقۡدَامَنَا وَٱنصُرۡنَا عَلَى ٱلۡقَوۡمِ ٱلۡكَٰفِرِينَ ١٤٧﴾ [آل عمران:١٤٧]

हे हाम्रा पालनकर्ता ! हाम्रा पाप र ज्यादतीलाई क्षमा गर्नुहोस् । हाम्रा कदमहरूलाई जमाउनुहोस् अनि काफिर विरूद्ध हाम्रो मद्दत गर्नुहोस् । (सूरह आले इम्रान : १४७)

6

﴿رَّبِّ ٱغْفِرْ وَٱرْحَمْ وَأَنتَ خَيْرُ ٱلرَّٰحِمِينَ ١١٨﴾ [المؤمنون:١١٨]

हे मेरा पालनकर्ता, मेरा पापहरू क्षमा गरिदिनुहोस् र ममाथि दया गर्नुहोस् । तपाईं दया गर्नेहरूमध्ये सर्वश्रेष्ठ हुनुहुन्छ । (सूरह अल्-मुमिनून : ११८)

7

﴿رَبِّ إِنِّي ظَلَمْتُ نَفْسِي فَٱغْفِرْ لِي﴾

[القصص:١٦]

हे मेरा पालनकर्ता ! मैले आफूले आफैमाथि अत्याचार गरेको छु, मलाई माफ गर्नुहोस् । (सूरह अल्-कसस् : १६)

8

﴿رَبَّنَآ أَفۡرِغۡ عَلَيۡنَا صَبۡرٗا وَثَبِّتۡ أَقۡدَامَنَا وَٱنصُرۡنَا عَلَى ٱلۡقَوۡمِ ٱلۡكَٰفِرِينَ ٢٥٠﴾

[البقرة: ٢٥٠]

हे हाम्रा पालनकर्ता ! हामीलाई धैर्य गर्ने शक्ति प्रदान गर्नुहोस्, हाम्रा कदमहरूलाई जमाउनुहोस् अनि काफिर विरूद्ध हाम्रो मद्दत गर्नुहोस् । (सूरह अल्-बकरह : २५०)

9

﴿رَبَّنَا لَا تُزِغْ قُلُوبَنَا بَعْدَ إِذْ هَدَيْتَنَا وَهَبْ لَنَا مِن لَّدُنكَ رَحْمَةً ۚ إِنَّكَ أَنتَ ٱلْوَهَّابُ ﴿٨﴾﴾

[آل عمران:٨]

हे हाम्रा पालनकर्ता ! तपाईंले हामीलाई मार्गदर्शन गरिसके पछि हाम्रा हृदयलाई सत्यबाट नफेर्नुहोस् । हामीलाई आफ्नो विशेष कृपा प्रदान गर्नुहोस् । निस्सन्देह तपाईं महादाता हुनुहुन्छ ।

(सूरह आले इम्रान : ८)

10

﴿رَبِّ ٱشۡرَحۡ لِي صَدۡرِي ٢٥ وَيَسِّرۡ لِيٓ أَمۡرِي ٢٦﴾ [طه:٢٥-٢٦]

हे मेरा पालनकर्ता ! मेरो मनलाई सन्तुष्ट र मेरो मामिलालाई सहज पारदिनुहोस् । (सूरह ताहा : २५-२६)

11

﴿مَسَّنِيَ ٱلضُّرُّ وَأَنتَ أَرۡحَمُ ٱلرَّٰحِمِينَ ٨٣﴾ [الأنبياء:٨٣]

हे मेरा पालनकर्ता ! रोगले मलाई हैरान पारेको छ । तपाईं सबैभन्दा ठूलो दयावान हुनुहुन्छ । (सूरह अल्-अम्बिया : ८३)

12

﴿رَّبِّ أَعُوذُ بِكَ مِنْ هَمَزَٰتِ ٱلشَّيَٰطِينِ ۝٩٧ وَأَعُوذُ بِكَ رَبِّ أَن يَحْضُرُونِ ۝٩٨﴾

[المؤمنون:٩٧-٩٨]

हे मेरा पालनकर्ता ! म शैतानहरूको प्रलोभनबाट तपाईंको शरण चाहन्छु । अनि तिनीहरू मेरो निकट आउलान् भनी तपाईंको शरण चाहन्छु ।

(सूरह अल्-मुमिनून : ९७-९८)

13

﴿رَبَّنَا ٱصۡرِفۡ عَنَّا عَذَابَ جَهَنَّمَۖ إِنَّ عَذَابَهَا كَانَ غَرَامًا ٦٥﴾ [الفرقان:٦٥]

हे हाम्रा पालनकर्ता ! हामीलाई नर्कको यातनाबाट जोगाइ दिनुहोस् । किनभने यो निकै नै दु:खदायी यातना हो । (सूरह अल्-फुर्कान : ६५)

14

﴿وَسِعَ رَبُّنَا كُلَّ شَيۡءٍ عِلۡمًاۚ عَلَى ٱللَّهِ تَوَكَّلۡنَاۚ رَبَّنَا ٱفۡتَحۡ بَيۡنَنَا وَبَيۡنَ قَوۡمِنَا بِٱلۡحَقِّ وَأَنتَ خَيۡرُ ٱلۡفَٰتِحِينَ ٨٩﴾ [الأعراف:٨٩]

हाम्रा पालनकर्ता हरेक कुरालाई जान्नुहुन्छ, उहाँबाट केही लुकेको छैन। हे हाम्रा पालनकर्ता ! हामी र काफिर समुदायबीच न्यायका साथ निर्णय गरिदिनुहोस्। तपाईं सर्वश्रेष्ठ निर्णायक हुनुहुन्छ। (सूरह अल्-आराफ : ८९)

15

﴿ٱرۡزُقۡنَا وَأَنتَ خَيۡرُ ٱلرَّٰزِقِينَ ١١٤﴾

[المائدة: ١١٤]

हामीलाई जीविका प्रदान गर्नुहोस्, तपाईं सबै भन्दा राम्रो जीविका प्रदान गर्नुहुन्छ । (सूरह अल्-माइदा : ११४)

16

﴿رَبَّنَآ ءَاتِنَا مِن لَّدُنكَ رَحۡمَةً وَهَيِّئۡ لَنَا مِنۡ أَمۡرِنَا رَشَدًا ١٠﴾ [الكهف: ١٠]

हे हाम्रा पालनकर्ता ! हामीलाई आफ्नो विशेष कृपाको पात्र बनाउनुहोस् र सत्यको बाटोमा हिँड्न सहज बनाइदिनुहोस् । (सूरह अल्-कहफ : १०)

17

﴿رَبِّ هَبۡ لِي حُكۡمٗا وَأَلۡحِقۡنِي بِٱلصَّٰلِحِينَ ٨٣﴾ [الشعراء:٨٣]

हे मेरा पालनकर्ता ! मलाई निर्णय शक्ति प्रदान गर्नुहोस् अनि मृत्युपछि सत्कर्मीहरूमध्ये बनाउनुहोस् । (सूरह अश्शोअरा : ८३)

18

﴿رَّبِّ زِدۡنِي عِلۡمٗا﴾ [طه:١١٤]

हे मेरा पालनकर्ता ! मेरो ज्ञानमा बृद्धि गर्नुहोस् । (सूरह ताहा : ११४)

19

﴿رَبِّ إِنِّي لِمَآ أَنزَلۡتَ إِلَيَّ مِنۡ خَيۡرٖ فَقِيرٞ ٢٤﴾

[القصص:٢٤]

हे मेरा पालनकर्ता ! जुन सुकै भलाई तपाईंले मलाई प्रदान गर्नुहुनेछ म त्यसको अभिलाषी छु। (सूरह अल्-कसस् : २४)

20

﴿رَبَّنَا هَبۡ لَنَا مِنۡ أَزۡوَٰجِنَا وَذُرِّيَّٰتِنَا قُرَّةَ أَعۡيُنٖ وَٱجۡعَلۡنَا لِلۡمُتَّقِينَ إِمَامًا ٧٤﴾

[الفرقان: ٧٤]

हे हाम्रा पालनकर्ता ! आँखालाई शितल पार्ने श्रीमती र सन्तानहरू दिनुहोस् अनि हामीलाई ईशभय राख्ने (मुत्-तकी) हरूका इमाम (अगुवा) बनाइ दिनुहोस् । (सूरह अल्-फुर्कान : ७४)

21

﴿رَبِّ أَوۡزِعۡنِيٓ أَنۡ أَشۡكُرَ نِعۡمَتَكَ ٱلَّتِيٓ أَنۡعَمۡتَ عَلَيَّ وَعَلَىٰ وَٰلِدَيَّ وَأَنۡ أَعۡمَلَ صَٰلِحٗا تَرۡضَىٰهُ وَأَدۡخِلۡنِي بِرَحۡمَتِكَ فِي عِبَادِكَ ٱلصَّٰلِحِينَ ١٩﴾ [النمل:١٩]

हे पालनकर्ता ! तपाईंले ममाथि र मेरा माता पितामाथि गरेका वरदानहरूप्रति आभार व्यक्त गर्ने अवसर प्रदान गर्नुहोस् । मलाई यस्ता सत्कर्म गर्ने अवसर प्रदान गर्नुहोस् जसबाट तपाईं प्रसन्न हुनुहुन्छ । मलाई आफ्ना सत्कर्मी भक्तहरूमध्येको बनाउनुहोस् । (सूरह अन्नमल : १९)

## 22

﴿رَبَّنَا تَقَبَّلْ مِنَّآ إِنَّكَ أَنتَ ٱلسَّمِيعُ ٱلْعَلِيمُ ١٢٧﴾ ﴿وَتُبْ عَلَيْنَآ إِنَّكَ أَنتَ ٱلتَّوَّابُ ٱلرَّحِيمُ ١٢٨﴾ [البقرة:١٢٧-١٢٨]

हे हाम्रा पालनकर्ता ! हाम्रा सम्पूर्ण सत्कर्महरू स्वीकार गर्नुहोस् । निस्सन्देह तपाईं हाम्रा दुआलाई सुन्नुहुन्छ र हाम्रा कर्महरूलाई जान्नुहुन्छ । हाम्रो तौबा (प्रायश्चित) स्वीकार गर्नुहोस् । निस्सन्देह तपाईं तौबा स्वीकार गर्नुहुन्छ र आफ्ना भक्तहरूप्रति परम दयालु हुनुहुन्छ ।

(सूरह अल्-बकरह : १२८)

صحيح الدعاء والثناء على الله تعالى

# नमाजका दुआहरू



अर्को

पहिलो पृष्ठमा फर्कनुहोस्

1

«اللَّهُمَّ بَاعِدْ بَيْنِي وَبَيْنَ خَطَايَايَ كَمَا بَاعَدْتَ بَيْنَ الْمَشْرِقِ وَالْمَغْرِبِ، اللَّهُمَّ نَقِّنِي مِنْ خَطَايَايَ كَمَا يُنَقَّى الثَّوْبُ الْأَبْيَضُ مِنَ الدَّنَسِ، اللَّهُمَّ اغْسِلْنِي مِنْ خَطَايَايَ بِالثَّلْجِ وَالْمَاءِ وَالْبَرَدِ»

*अल्ला हुम्म बाइद बैनी व बैन खता या य, कमा बाअत्त बैनल्-मशरेके वल्मगरेबे, अल्ला हुम्म नक्केनी मिनल्-खताया कमा युनक्कस्सौबुल अब्यजो मिनद्द नसे, अल्लाहुम्मग्सिलनी मिन् खतायाय बिल्माए वस्सलजे वल्बरदे।*

हे अल्लाह, म र मेरो पापको बीचमा पूर्व र पश्चिम जत्तिको दूरी पार्नुहोस्, हे अल्लाह, सेतो लुगा फोहरबाट दाग विहिन भइ सफा भए जस्तै मेरा पापहरूबाट मलाई पवित्र पार्नुहोस्, हे अल्लाह, मेरा सम्पूर्ण पापहरूलाई पानी, असिना र बरफले धोइ दिनुहोस् ।

(नमाज आरम्भ गर्ने दुआ)

2

«اللَّهُمَّ رَبَّ جَبْرَائِيلَ، وَمِيكَائِيلَ، وَإِسْرَافِيلَ، فَاطِرَ السَّمَاوَاتِ وَالْأَرْضِ، عَالِمَ الْغَيْبِ وَالشَّهَادَةِ، أَنْتَ تَحْكُمُ بَيْنَ عِبَادِكَ فِيمَا كَانُوا فِيهِ يَخْتَلِفُونَ، اهْدِنِي لِمَا اخْتُلِفَ فِيهِ مِنَ الْحَقِّ بِإِذْنِكَ، إِنَّكَ تَهْدِي مَنْ تَشَاءُ إِلَى صِرَاطٍ مُسْتَقِيمٍ»

*अल्लाहुम्म, रब्ब जिब्रा ईल, व मीकाईल, व इस्राफील, फातिरस्समावाते वल्-अर्दे, आलिमल्-गैबे वश्-शहादते, अन्त तह्-कोमो बैन ईबादेक फीमा कानू फीही यख्-तलेफून्,*

*एह्-देनी लिमख्-तुले फ फीही मिनल्-हक्के बेइज्निक, इन्नक तह्दी मन्-तशाओ इला सिरातिम-मुस्तकीम।*

हे जिब्राइल, मिकाइल र इस्राफीलको पालनकर्ता, आकाशहरू र पृथ्वीका सृष्टिकर्ता, वाह्य तथा आन्तरिक कुराहरूका सर्वज्ञाता तथा भक्तहरूले गर्ने विवाद र मतभेदहरूका निर्णयकर्ता! विवादित कुराहरूमा सत्य कुराको मार्गदर्शन गरिदेऊ, तपाईं आफ्ना भक्तहरूमध्ये जसलाई चाहनुहुन्छ, सीधा मार्गदर्शन गर्नुहुन्छ।

(नमाजको आरम्भमा विशेषगरी तहज्जुदको सलाहमा पढ्नुहोस्) (हृदयमा शंका र भ्रमको बेला पढ्नुहोस्)

3

«وَجَّهْتُ وَجْهِيَ لِلَّذِي فَطَرَ السَّمَاوَاتِ وَالْأَرْضَ حَنِيفًا، وَمَا أَنَا مِنَ الْمُشْرِكِينَ، إِنَّ صَلَاتِي، وَنُسُكِي، وَمَحْيَايَ، وَمَمَاتِي لِلهِ رَبِّ الْعَالَمِينَ، لَا شَرِيكَ لَهُ، وَبِذَلِكَ أُمِرْتُ وَأَنَا مِنَ الْمُسْلِمِينَ، اللَّهُمَّ أَنْتَ الْمَلِكُ لَا إِلَهَ إِلَّا أَنْتَ أَنْتَ رَبِّي، وَأَنَا عَبْدُكَ، ظَلَمْتُ نَفْسِي، وَاعْتَرَفْتُ بِذَنْبِي، فَاغْفِرْ لِي ذُنُوبِي جَمِيعًا، إِنَّهُ لَا يَغْفِرُ الذُّنُوبَ إِلَّا أَنْتَ، وَاهْدِنِي لِأَحْسَنِ الْأَخْلَاقِ لَا يَهْدِي لِأَحْسَنِهَا إِلَّا أَنْتَ، وَاصْرِفْ عَنِّي سَيِّئَهَا لَا يَصْرِفُ عَنِّي سَيِّئَهَا إِلَّا أَنْتَ، لَبَّيْكَ وَسَعْدَيْكَ وَالْخَيْرُ كُلُّهُ فِي يَدَيْكَ، وَالشَّرُّ لَيْسَ إِلَيْكَ، أَنَا بِكَ وَإِلَيْكَ، تَبَارَكْتَ وَتَعَالَيْتَ، أَسْتَغْفِرُكَ وَأَتُوبُ إِلَيْكَ»

*वज्-जह्तो वज हि य लिल्-लजी फ त रस्समा वाते वल्-अर्द हनीफा । वमा अ न मिनल्-मुशरे कीन । इन्न सला ती व नोसो की व मह-या य व ममा ती लिल्लाही रब्बिल्-आ लमीन । ला शरी क लहु व बिजालि क ओमिर्तो व अ न मिनल्-मुसलेमीन । अल्ला हुम्म अन्तल्-म लिको ला इला ह इल्ला अन्त रब्बी व अ न अब्दु क जलम्तु नफसी वाअ् तरफतु बे जम्बी फग फिरली जुनूबी जमी आ, इन्नहु ला याग-फेरूज्-जुनू ब इल्ला अन्त । वह-देनी ले अहसनिल्-अख्लाक, ला यह दी ले अहसने हा इल्ला अन्त । वस्-रिफ अन्नी सैये हा, ला यस्-रेफो अन्नी सै ये अहा इल्ला अन्त । लब्बै क व सादै क वल्-खैरो कुल्लोहु फी यदै क, वश-शर्रो लै स एलै क, अ न बेक व अलै क, तबा रक्त व तआलै त अस्-ताग-फेरूक व अतूबो एलै क ।*

मैले आफ्नो धर्मलाई एकाग्र भएर मात्र त्यस अल्लाहको लागि खास गरें, जसले आकाशहरू तथा पृथ्वीको सृष्टि गर्नुभयो । म शिर्क (अल्लाहसँग साझेदार ठहर) गर्नेहरूमध्ये होइन । मेरो सलाह, बलिदान (कुर्बानी) र मेरो जीवन तथा मरन सबै अल्लाहकै लागि हुन्, उहाँको कोही साझेदार छैन । मलाई यसैको आदेश दिइएको छ । यस समुदायमध्ये म पहिला मुस्लिम हुँ । हे अल्लाह, तपाईं नै राजा हुनुहुन्छ, तपाईं बाहेक कुनै सत्य ईश्वर छैन, तपाईं नै मेरो पालनकर्ता हुनुहुन्छ अनि म तपाईंको भक्त । मैले आफूले आफैमाथि अत्याचार गरेको छु, मैले आफ्नो गल्ती स्वीकार गरें । मेरा पापहरू माफ गरिदिनुहोस्, तपाईं बाहेक अरू कसैले

मेरा पापहरू माफ गर्न सक्दैनन् । मलाई उच्च आचरणको मार्गदर्शन गरिदिनुहोस्, तपाईं बाहेक अरू कसैले मार्गदर्शन गर्न सक्दैनन् । नराम्रो आचरणबाट जोगाइदिनुहोस्, तपाईं बाहेक अरू कसैले जोगाउन सक्दैनन् । हे अल्लाह म तपाईंकै लागि हाजिर छु । सम्पूर्ण राम्रा कामहरू तपाईंकै हातमा छ अनि नराम्रा कामहरूसंग तपाईंको कुनै सरोकार छैन । म तपाईंकै शक्तिले तपाईंलाई गुहार्दै छु । तपाईं महान हुनुहुन्छ । म तपाईंसित क्षमायाचना र पश्चाताप गर्दछु ।

(नमाजको आरम्भमा विशेषगरी तहज्जुदको सलाहमा पढ्नुहोस्)

4

«سُبْحَانَكَ اللَّهُمَّ رَبَّنَا وَبِحَمْدِكَ اللَّهُمَّ اغْفِرْ لِي»

*सुब्हान कल्लाहुम्म रब्बना व बिहम्दिक, अल्लाहुम्मग-फिर्ली ।*

हे अल्लाह, तपाईं पवित्र हुनुहुन्छ । तपाईं नै हाम्रो पालनकर्ता हुनुहुन्छ । हे अल्लाह मलाई क्षमा गरिदिनु होस् ।

(रूकु र सज्दा मा पढ्नुहोस्)

5

«اللَّهُمَّ أَعُوذُ بِرِضَاكَ مِنْ سَخَطِكَ، وَبِمُعَافَاتِكَ مِنْ عُقُوبَتِكَ، وَأَعُوذُ بِكَ مِنْكَ لَا أُحْصِي ثَنَاءً عَلَيْكَ أَنْتَ كَمَا أَثْنَيْتَ عَلَى نَفْسِكَ»

*अल्ला हुम्म अ ऊ जु बिरिजाक मिन् स ख तिक, व बि मोआ फातेक मिन् ओकू ब तेक, व अ ऊ जु बि क मिन्क, ला ओह्सी सनाअन् अलैक, अन्त कमा अस्नैत अला नफसेक ।*

हे अल्लाह, तपाईंको खुशीद्वारा तपाईंको रिसबाट, तपाईंको माफीद्वारा तपाईंको सजायबाट शरण चाहन्छु । तपाईंद्वारा तपाईंबाट शरण चाहन्छु । तपाईंको प्रशंसा र गुणगानलाई

गन्न सक्दिनँ। तपाईं त्यस्तै हुनुहुन्छ जस्तो तपाईंले आफ्नो प्रशंसा गर्नुभएको छ।

(सज्दा मा पढ्नुहोस्)

6

«اللَّهُمَّ اغْفِرْ لِي ذَنْبِي كُلَّهُ دِقَّهُ، وَجِلَّهُ، وَأَوَّلَهُ وَآخِرَهُ وَعَلَانِيَتَهُ وَسِرَّهُ»

*अल्ला हुम्-मगफिर ली जम्बी कुल्ल हु दिक्क हु व जिल्लहु व औवल हु व आखे रहु व अला ने य त हु व सिर्र हु।*

हे अल्लाह, मेरा ठूला साना, पहिलो अन्तिम वाह्य तथा आन्तरिक सम्पूर्ण पापहरूलाई क्षमा गर्नुहोस्।

(सज्दा मा पढ्नुहोस्)

7

«اللَّهُمَّ اجْعَلْ لِي فِي قَلْبِي نُورًا، وَفِي لِسَانِي نُورًا، وَفِي سَمْعِي نُورًا، وَفِي بَصَرِي نُورًا، وَمِنْ فَوْقِي نُورًا، وَمِنْ تَحْتِي نُورًا، وَعَنْ يَمِينِي نُورًا، وَعَنْ شِمَالِي نُورًا، وَمِنْ بَيْنِ يَدَيَّ نُورًا، وَمِنْ خَلْفِي نُورًا، وَاجْعَلْ فِي نَفْسِي نُورًا، وَأَعْظِمْ لِي نُورًا»

*अल्ला हुम्-मज अल् लि फी कल्बी नूरा व फी लेसानी नूरा व फी सम्-ई नूरा व फी ब स री नूरा व मिन फौकी नूरा व मिन तह-ती नूरा व अन् यमी नी नूरा व अन् शेमा ली नूरा व मिन बै ने य दैय्य नूरा व मिन खल्फी नूरा वज्-अल् फी नफसी नूरा व आजिम ली नूरा।*

हे अल्लाह, मेरो मुटु, जिब्रो, कान, आँखा, तल-माथि, दायाँ-बायाँ, अगाडि-पछाडि सम्पूर्ण कुराहरूलाई प्रकाशमय बनाइदिनुहोस्। मेरो मन र मष्तिस्क लाई प्रकाशमय बनाइदिनुहोस्।

(सज्दा र विशेषगरी तहज्जुदको सलाहमा पढ्नुहोस्)

8

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ عَذَابِ جَهَنَّمَ، وَمِنْ عَذَابِ الْقَبْرِ، وَمِنْ فِتْنَةِ الْمَحْيَا وَالْمَمَاتِ، وَمِنْ شَرِّ فِتْنَةِ الْمَسِيحِ الدَّجَّالِ»

*अल्ला हुम्म इन्नी अ ऊ जु बि क मिन् अजाबि जहन्नम, व मिन् अजाबिल् कब्र, व मिन् फित्नतिल् मह्या वल् ममात, व मिन् शर्रि फित्नतिल् मसीहि दज्जाल ।*

हे अल्लाह ! नर्क र चिहानको सजाय र प्रकोपबाट, जीवन र मृत्युको परीक्षणबाट र मसीह दज्जालको उपद्रोबाट तपाईंको शरण चाहन्छु ।

(अन्तिम तशह-हुद मा सलाम फेर्नु भन्दा पहिला पढ्नुहोस्)

9

«اللَّهُمَّ أَعِنِّي عَلَى ذِكْرِكَ، وَشُكْرِكَ، وَحُسْنِ عِبَادَتِكَ»

*अल्ला हुम्म अ इन्नी अला जिक्रे क व शुक्रे क व हुस्ने इबादते क।*

हे अल्लाह, तपाईंको स्तुति गर्न, कृतज्ञता व्यक्त गर्न र राम्रोसँग इबादत गर्न मलाई शक्ति दिनुहोस्।

(अन्तिम तशह-हुद मा सलाम फेर्नु भन्दा पहिला पढ्नुहोस्)

10

«اللَّهُمَّ اغْفِرْ لِي مَا قَدَّمْتُ وَمَا أَخَّرْتُ، وَمَا أَسْرَرْتُ وَمَا أَعْلَنْتُ، وَمَا أَسْرَفْتُ، وَمَا أَنْتَ أَعْلَمُ بِهِ مِنِّي، أَنْتَ الْمُقَدِّمُ وَأَنْتَ الْمُؤَخِّرُ، لَا إِلَهَ إِلَّا أَنْتَ»

*अल्ला हुम् मग-फिर्ली मा कद्-दम्तु, वमा अख्-खर्तु वमा अस्-रर तु वमा आलन्तु, वमा अस-रफ-तु, वमा अन्त आअ्लामो बेही मिन्नी । अन्तल्-मोकद्दिम व अन्तल्-मोअख्खिर, ला इला ह इल्ला अन्त ।*

हे अल्लाह, मैले अघि र पछि गरेको, लुकेर वा देखाएर गरेको पाप र मेरा ज्यादती तथा जुन कुरालाई तपाईंम भन्दा बढी जान्नुहुन्छ सबैलाई क्षमा गर्नुहोस् । तपाईं नै पहिला र अन्तिम

हुनुहुन्छ। तपाईं बाहेक कोही पूज्य छैन।

(अन्तिम तशह-हुद मा सलाम फेर्नु भन्दा पहिला पढ्नुहोस्)

11

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنَ الْمَأْثَمِ، وَالْمَغْرَمِ»

*अल्ला हुम्म इन्नी अ ऊ जु बि क मिनल्-मासमे वल्-मग्रमे।*

हे अल्लाह, पाप र ऋणबाट तपाईंको शरण चाहन्छु।

(अन्तिम तशह-हुद मा सलाम फेर्नु भन्दा पहिला पढ्नुहोस्)

12

«اللَّهُمَّ إِنِّي أَسْأَلُكَ الْجَنَّةَ، وَأَعُوذُ بِكَ مِنَ النَّارِ»

*अल्ला हुम्म इन्नी अस्अलुकल जन्नह व अ ऊ जु बि क मिनन्- नार ।*

हे अल्लाह, म तपाईंसित स्वर्गको प्रार्थना गर्दछु अनि नर्कबाट तपाईंको शरण चाहन्छु ।

(अन्तिम तशह-हुद मा सलाम फेर्नु भन्दा पहिला पढ्नुहोस्)

## 13

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ الْبُخْلِ وَأَعُوذُ بِكَ مِنْ الْجُبْنِ وَأَعُوذُ بِكَ أَنْ أُرَدَّ إِلَى أَرْذَلِ الْعُمُرِ وَأَعُوذُ بِكَ مِنْ فِتْنَةِ الدُّنْيَا وَأَعُوذُ بِكَ مِنْ عَذَابِ الْقَبْرِ»

*अल्ला हुम्म इन्नी अ ऊ जु बि क मिनल्-बुख्ले, व अ ऊ जु बि क मिनल्-जुब्ने, व अ ऊ जु बि क अन्-ओरद्द इला अर्जलिल्-उमुरे, व अ ऊ जु बि क मिन् फित्नतिद्दुन्या, व अ ऊ जु बि क मिन् अजाबिल्-कब्रे।*

हे अल्लाह, म कन्जुस्याइँ, कायरता, बुढ्यौलीको असक्त अवस्थाबाट तपाईंको शरण चाहन्छु । दुनियाँ र कब्र (चिहान) को परीक्षाबाट तपाईंको शरण चाहन्छु।

(अन्तिम तशह-हुद मा सलाम फेर्नु भन्दा पहिला पढ्नुहोस्)

14

«اللَّهُمَّ إِنِّي ظَلَمْتُ نَفْسِي ظُلْمًا كَثِيرًا وَلَا يَغْفِرُ الذُّنُوبَ إِلَّا أَنْتَ، فَاغْفِرْ لِي مَغْفِرَةً مِنْ عِنْدِكَ، وَارْحَمْنِي إِنَّكَ أَنْتَ الْغَفُورُ الرَّحِيمُ»

*अल्ला हुम्म इन्नी जलम्तु नफ्सी जुल्मन् कसीरन् वला यग्फिरूज्जुनू ब इल्ला अन्त फग्फिर्ली मग्फिरतम् मिन् इन्दिक वर्हम्नी इन्नक अन्तल् गफूर्रुहीम ।*

हे अल्लाह, मैले आफूले आफैमाथि धेरै अत्याचार गरेको छु, तपाईं बाहेक अरू कसैले पापलाई क्षमा गर्न सक्दैनन् । कृपया मेरो पापलाई

माफ गर्नुहोस् अनि ममाथि दया गर्नुहोस् । वास्तवमा, तपाईं अति क्षमाशील र दयावान हुनुहुन्छ ।

(सज्दा वा अन्तिम तशह-हुद मा सलाम फेर्नु भन्दा पहिला पढ्नुहोस्)

**15**

«اللَّهُمَّ حَاسِبْنِي حِسَابًا يَسِيرًا»

*अल्ला हुम्म हासिब्नी हिसाबन यसीरा ।*

हे अल्लाह, मेरो हिसाबकिताबलाई सहज गरिदिनुहोस् ।

(सज्दा वा अन्तिम तशह-हुद मा सलाम फेर्नु भन्दा पहिला पढ्नुहोस्)

16

«رَبِّ قِنِي عَذَابَكَ يَوْمَ تَبْعَثُ عِبَادَكَ»

*रब्बी किनी अजा बक यौम तबअसो इबा दक् ।*

हे मेरो पालनकर्ता, हिसाबकिताबको दिन मलाई नर्कको यातनाबाट जोगाइदिनुहोस् ।

(सज्दा वा अन्तिम तशह-हुद मा सलाम फेर्नु भन्दा पहिला पढ्नुहोस्)

صحيح الدعاء والثناء على الله تعالى

# नबीका दुआहरू



अर्को

पहिलो पृष्ठमा फर्कनुहोस्

1

«اللَّهُمَّ رَبَّنَا آتِنَا فِي الدُّنْيَا حَسَنَةً، وَفِي الآخِرَةِ حَسَنَةً، وَقِنَا عَذَابَ النَّارِ»

*अल्ला हुम्म रब्बना आतिना फिद्दुन्या ह स न: व फिल्-आखिरते ह स न: व किना अजा बन्नार ।*

हे अल्लाह, हामीलाई दुनियाँ र आखिरतका सम्पूर्ण भलाई र कृपा प्रदान गर्नुहोस् तथा नर्कबाट बचाउनु होस् ।

(रसूल सल्लल्लाहु अलैहि व सल्लम प्रायःजसो यो दुआ पढ्नु हुन्थ्यो)

2

«اللَّهُمَّ اغْفِرْ لِي، وَارْحَمْنِي، وَاهْدِنِي، وَعَافِنِي، وَارْزُقْنِي»

*अल्ला हुम्मग फिर्ली, वर्हम्-नी, वह्दे नी व आफे नी वर्जुक्नी ।*

हे अल्लाह, मलाई माफ गर्नुहोस्, ममाथि कृपा गर्नुहोस्, मलाई मार्गनिर्देशन गर्नुहोस्, मलाई निको पार्नुहोस् र मेरो जीविकाको प्रबन्ध मिलाई दिनुहोस् ।

(यो दुआमा दुनियाँ र आखिरतका सम्पूर्ण भलाई समावेश गरिएको छ)

3

«اَللّٰهُمَّ اكْفِنِيْ بِحَلاَلِكَ عَنْ حَرَامِكَ
وَاَغْنِنِيْ بِفَضْلِكَ عَمَّنْ سِوَاكَ»

*अल्ला हुम्म अक्फेनी बि हलालेक अन्-हरामेक व अग् नेनी बि फज्लेक अम्मन सिवाक।*

हे अल्लाह, तपाईंले प्रदान गर्नुभएको हलाल द्वारा हराम बाट र आफ्नो कृपाले अरूको अगाडि हात फैलाउनबाट जोगाइ दिनुहोस्।

(ऋण चुक्ता गर्ने दुआ)

4

«اللَّهُمَّ مُصَرِّفَ الْقُلُوبِ صَرِّفْ قُلُوبَنَا عَلَى طَاعَتِكَ» «يَا مُقَلِّبَ الْقُلُوبِ ثَبِّتْ قَلْبِي عَلَى دِينِكَ»

*(इस्लाममाथि अडिग रहने दुआ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) प्रायःजसो यो दुआ पढ्नु हुन्थ्यो)*

हे हृदयहरूका सञ्चालक, हाम्रो हृदयलाई तपाईंको आज्ञाकारितामा अडिग राख्नुहोस् । हे हृदयलाई परिवर्तन गर्नेवाला, मेरो हृदयलाई तपाईंको धर्ममा स्थिर गर्नुहोस् ।

(इस्लाममाथि अडिग रहने दुआ । रसूल (सल्लल्लाहु अलैहि व सल्लम) प्रायःजसो यो दुआ पढ्नु हुन्थ्यो)

5

«اللهُمَّ إِنِّي أَسْأَلُكَ مِنَ الْخَيْرِ كُلِّهِ عَاجِلِهِ وَآجِلِهِ، مَا عَلِمْتُ مِنْهُ وَمَا لَمْ أَعْلَمْ، وَأَعُوذُ بِكَ مِنَ الشَّرِّ كُلِّهِ، عَاجِلِهِ وَآجِلِهِ مَا عَلِمْتُ مِنْهُ، وَمَا لَمْ أَعْلَمْ، اللهُمَّ إِنِّي أَسْأَلُكَ مِنْ خَيْرِ مَا سَأَلَكَ عَبْدُكَ وَنَبِيُّكَ مُحَمَّدٌ ﷺ، وَأَعُوذُ بِكَ مِنْ شَرِّ مَا عَاذَ مِنْهُ عَبْدُكَ وَنَبِيُّكَ، اللهُمَّ إِنِّي أَسْأَلُكَ الْجَنَّةَ وَمَا قَرَّبَ إِلَيْهَا مِنْ قَوْلٍ أَوْ عَمَلٍ، وَأَعُوذُ بِكَ مِنَ النَّارِ وَمَا قَرَّبَ إِلَيْهَا مِنْ قَوْلٍ أَوْ عَمَلٍ، وَأَسْأَلُكَ أَنْ تَجْعَلَ كُلَّ قَضَاءٍ تَقْضِيهِ لِي خَيْرًا»

*अल्ला हुम्म इन्नी अस्-अलुक मिनल्-खैरे कुल्लेही आअ् जेलेही व आ जेलेही मा अलिम्तु मिन्हु वमा लम् आअ लम्, व अउजु बि क मिनश-शर्रे कुल्लेही आअ् जेलेही व आ जेलेही मा अलिम्तु मिन्हु वमा लम् आअ लम्, अल्ला हुम्म इन्नी अस्-अलुक मिन खैरे मा स अ ल क अब्दु क व नबीयु क मुहम्मदुन सल्लल्लाहु अलैहि वसल्लम, व अउजु बि क मिन शर्रे मा आज मिन्हु अब्दु क व नबीयु क, अल्ला हुम्म इन्नी अस्-अलुकल्-जन्नह वमा कर्रब एलैहा मिन् कौलिन् औ अमल्, व अऊ-जुबि क मिनन्नार वमा कर्रब एलैहा मिन् कौलिन् औ अमल् । व अस्-अलुक अन् तज्-अ ल कुल्ल कजाइन् तकजीहि ली खैरा ।*

हे अल्लाह, मैले जानेको नजानेको तथा ढिलोचाँडो आउने सम्पूर्ण भलाइको प्रार्थना

गर्दछु । मैले जानेको नजानेको तथा ढिलोचाँडो हुने सबै खराबीबाट तपाईंको शरण चाहन्छु । हे अल्लाह, तपाईंको भक्त र नबी मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) ले दुआ गर्नुभएको सम्पूर्ण कुराको प्रार्थना गर्दछु । तपाईंको भक्त र नबी मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) ले शरण माग्नुभएको सम्पूर्ण कुराबाट तपाईंको शरण चाहन्छु । हे अल्लाह, जन्नत (स्वर्ग) र जन्नतसम्म पुर्याउने सम्पूर्ण कर्मधर्मको प्रार्थना गर्दछु । जहन्नम (नर्क) र जहन्नम सम्म पुर्याउने सम्पूर्ण क्रियाकलापबाट तपाईंको शरण चाहन्छु । मेरो बारेमा हुने सम्पूर्ण फैसला मेरो लागि राम्रो होस् ।

(सम्पूर्ण भलाई समावेश गरिएको दुआ)

6

«يَا حَيُّ يَا قَيُّومُ بِرَحْمَتِكَ أَسْتَغِيثُ، أَصْلِحْ لِي شَأْنِي كُلَّهُ، وَلَا تَكِلْنِي إِلَى نَفْسِي طَرْفَةَ عَيْنٍ»

*या हैय्यो या कैय्यूम बिरह्मतिक अस्तगीस, अस्लेह् ली शानी कुल्लहु व ला तकिल्नी एला नफ्सी तर्फत ऐन् ।*

हे सधैं जीवित र रहिरहने महान अल्लाह, तपाईंकै कृपाले प्रार्थना गर्दछु; मेरा सम्पूर्ण कार्यहरूलाई सफल पार दिनुहोस् तथा आँखा झिमिक्क हुनु बराबर पनि बेवास्ता नगर्नुहोस् ।

(दु: ख र चिन्ताको दुआ)

7

«اللَّهُمَّ إِنِّي عَبْدُكَ ابْنُ عَبْدِكَ ابْنُ أَمَتِكَ نَاصِيَتِي بِيَدِكَ مَاضٍ فِيَّ حُكْمُكَ عَدْلٌ فِيَّ قَضَاؤُكَ، أَسْأَلُكَ بِكُلِّ اسْمٍ هُوَ لَكَ سَمَّيْتَ بِهِ نَفْسَكَ أَوْ أَنْزَلْتَهُ فِي كِتَابِكَ أَوْ عَلَّمْتَهُ أَحَدًا مِنْ خَلْقِكَ أَوِ اسْتَأْثَرْتَ بِهِ فِي عِلْمِ الْغَيْبِ عِنْدَكَ أَنْ تَجْعَلَ الْقُرْآنَ رَبِيعَ قَلْبِي وَنُورَ بَصَرِي وَجِلَاءَ حُزْنِي وَذَهَابَ هَمِّي»

*अल्ला हुम्म इन्नी अब्दु क, इब्नो अब्दि क, इब्नो अ म ति क, ना सि यती बि यदे क, माजिन*

*फीय्य हुक्मु क, अद्लुन फीय्य कजा उ क, अस् आलु क बे कुल्लिस-मिन हु व ल क, सम्मै त बेही नफ्सक औ अन्जल तहु फी किताबे क औ अल्लम्ताहू अ ह दन मिन खल्के क, औ इस् ता सर्त बेही फी इल्मिल्-गैबे इन्-दक, अन् तज-अलल्-कुर्आन रबी अ कल्बी व नू र ब स री व जिला अ हुज्नी व जिहा ब हम्मी।*

हे अल्लाह, म तिम्रो भक्त हुँ। तिम्रो भक्त र भक्तेनीको छोरा हुँ। मेरो जिन्दगी तिम्रै हातमा छ। तिम्रो हरेक आदेश सहर्ष स्वीकार छ। तिम्रो हरेक फैसला न्यायपूर्ण छ। तिमीले आफूलाई नामकरण गरेको हरेक नाम वा आफ्नो किताबमा अवतरण गरेको वा आफ्नो सृष्टिमध्ये कसैलाई सिकाएको वा आफूसँग सुरक्षित राखेको हरेक नामद्वारा प्रार्थना गर्दछु– कुर्आनलाई मेरो मुटुको

धड्कन, आँखाको ज्योति, मेरो समस्याको समाधान र दु: खको ओखती बनाई देऊ ।

(दु: ख र उदासीनताको दुआ)

8

«اللَّهُمَّ لَا سَهْلَ إِلَّا مَا جَعَلْتَهُ سَهْلًا، وَأَنْتَ تَجْعَلُ الْحَزْنَ سَهْلًا إِذَا شِئْتَ»

*अल्ला हुम्म ला सह-ल इल्ला मा जअल्तहु सह-ला ।*

हे अल्लाह, तपाईंको मर्जी बिना कुनै पनि काम सजह छैन । तपाईंको मर्जी भयो भने गार्हो काम पनि सजह हुन्छ ।

(गार्हो कार्यलाई सजिलो पार्ने दुआ)

9

«اللَّهُمَّ إِنِّي أَسْأَلُكَ الْهُدَى وَالتُّقَى، وَالْعَفَافَ وَالْغِنَى»

*अल्ला हुम्म इन्नी अस्-आलु कल्-हुदा वत्तोका वल्-अफा फ वल्- गेना ।*

हे अल्लाह, म तिमीसित मार्गदर्शन, इशभय, पवित्रता र धनसम्पत्तिको प्रार्थना गर्दछु ।

10

«اللَّهُمَّ اهْدِنِي، وَسَدِّدْنِي»

*अल्ला हुम्-महदेनी व सद्दिद नी ।*

हे अल्लाह, मेरो मार्गदर्शन गर र सत्यतामा अडिग रहने शक्ति प्रदान गर ।

11

«اللَّهُمَّ أَصْلِحْ لِي دِينِي الَّذِي هُوَ عِصْمَةُ أَمْرِي، وَأَصْلِحْ لِي دُنْيَايَ الَّتِي فِيهَا مَعَاشِي، وَأَصْلِحْ لِي آخِرَتِي الَّتِي فِيهَا مَعَادِي، وَاجْعَلِ الْحَيَاةَ زِيَادَةً لِي فِي كُلِّ خَيْرٍ، وَاجْعَلِ الْمَوْتَ رَاحَةً لِي مِنْ كُلِّ شَرٍّ»

*अल्ला हुम्म अस्लेह्-ली दीनी, अल्लजी हुव इस्मतु अम्री, व अस्लेह्-ली दुन्या य, अल्लती फीहा मआशी, व अस्लेह्-ली आखिरती अल्लती फीहा मआदी, वज्-अलिल्-हया त जियादतन् ली फी कुल्ले खैर, वज्-अलिल्-मौ त राहतन्-ली मिन् कुल्ले शर।*

हे अल्लाह, मेरो दीन (धर्म) लाई सच्चाई

दिनुहोस्, किनभने यो नै मेरो जीवनको लक्षय हो । मेरो संसारलाई सच्चाई दिनुहोस्, किनभने यसैमा मेरो जीविका छ । मेरो आखिरतलाई सच्चाई दिनुहोस्, किनभने मैले उतै फर्केर जानुछ । यो दुनियाँमा सधैं राम्रो कार्य गर्ने शक्ति प्रदान गर्नुहोस् । कुनै समस्या र संकट आउनु भन्दा पहिला मृत्यु दिएर शान्ति प्रदान गर्नुहोस् ।

12

«اللَّهُمَّ إِنَّكَ عُفُوٌّ تُحِبُّ الْعَفْوَ فَاعْفُ عَنِّي»

*अल्ला हुम्म इन्न क अफुवुन तुहिब्बुल्-अफ-व फाअ्फो अन्नी ।*

हे अल्लाह, तपाईं क्षमाशील हुनुहुन्छ र क्षमा गर्न मन पराउनु हुन्छ । कृपया मलाई माफ गरिदिनुहोस् ।

## 13

«اللَّهُمَّ اقْسِمْ لَنَا مِنْ خَشْيَتِكَ مَا يَحُولُ بَيْنَنَا وَبَيْنَ مَعَاصِيكَ، وَمِنْ طَاعَتِكَ مَا تُبَلِّغُنَا بِهِ جَنَّتَكَ، وَمِنَ الْيَقِينِ مَا تُهَوِّنُ بِهِ عَلَيْنَا مُصِيبَاتِ الدُّنْيَا، وَمَتِّعْنَا بِأَسْمَاعِنَا وَأَبْصَارِنَا وَقُوَّتِنَا مَا أَحْيَيْتَنَا، وَاجْعَلْهُ الْوَارِثَ مِنَّا، وَاجْعَلْ ثَأْرَنَا عَلَى مَنْ ظَلَمَنَا، وَانْصُرْنَا عَلَى مَنْ عَادَانَا، وَلاَ تَجْعَلْ مُصِيبَتَنَا فِي دِينِنَا، وَلاَ تَجْعَلِ الدُّنْيَا أَكْبَرَ هَمِّنَا وَلاَ مَبْلَغَ عِلْمِنَا، وَلاَ تُسَلِّطْ عَلَيْنَا مَنْ لاَ يَرْحَمُنَا»

*अल्ला हुम्म अक्सिम लना मिन् खश-यतिक मा तहूलु बेही बैनना व बैन मआ सीक, व मिन् ताअतिक मा तुबल्लेगोना बेही जन्नतक्, व मिनल्-यकीने मा तु हौवेनो अलैना मसाए-बद्दुन्या । अल्ला हुम्म अम्तेना बिअस-माएना व अब्सारेना व कुव्वतेना मा अह-यै तना, वज अल्-हुल वारिस मिन्ना वज अल् सा रना अला मन ज ल म-ना वन्सुर ना अला मन आदा ना वला तज्-अल् मोसी ब त ना फी दीनेना वला तज्-अलिद्दुन्या अक्-स र हम्मेना वला मब- ल ग इल्मेना वला तुसल्लित अलैना मल्ला यर-ह्मना ।*

हे अल्लाह, हामीलाई यस्तो डर प्रदान गर्नुहोस् जसले तपाईंको अवज्ञा (पाप) बाट टाढा

राखोस् । उपासना गर्ने यस्तो शक्ति प्रदान गर्नुहोस् जसले तपाईंको जन्नतसम्म पुग्न टेवा पुर्याओस् । तपाईंमाथिको यस्तो विश्वास होस्, जसले दुनियाँका हरेक दु:ख र पीडालाई सहन मद्दत पुर्याओस् । हे अल्लाह, हामीलाई जीवित रहुन्जेल कान, आँखा लगायत सम्पूर्ण इन्द्रेणीहरूलाई स्वस्थ्य राख्नुहोस् । हाम्रो उत्तराधिकारी बनाउनुहोस् र हामीमाथि अत्याचार गर्नेहरूसँग बदला लिनुहोस् । हाम्रा शत्रु बिरूद्ध हामीलाई मद्दत गर्नुहोस् । हाम्रो धर्मलाई बज्रपात नबनाउनुहोस् । दुनियाँको पछि लाग्ने र यसैलाई सब थोक ठान्नेबाट जोगाउनु होस् । हामीमाथि दया नगर्नेलाई शासन सत्ता प्रदान नगर्नुहोस् ।

**14**

«رَبِّ أَعِنِّي وَلاَ تُعِنْ عَلَيَّ، وَانْصُرْنِي وَلاَ تَنْصُرْ عَلَيَّ، وَامْكُرْ لِي وَلاَ تَمْكُرْ عَلَيَّ، وَاهْدِنِي وَيَسِّرِ الهُدَى لِي، وَانْصُرْنِي عَلَى مَنْ بَغَى عَلَيَّ، رَبِّ اجْعَلْنِي لَكَ شَكَّارًا، لَكَ ذَكَّارًا، لَكَ رَهَّابًا، لَكَ مِطْوَاعًا، لَكَ مُخْبِتًا، إِلَيْكَ أَوَّاهًا مُنِيبًا، رَبِّ تَقَبَّلْ تَوْبَتِي، وَاغْسِلْ حَوْبَتِي، وَأَجِبْ دَعْوَتِي، وَثَبِّتْ حُجَّتِي، وَسَدِّدْ لِسَانِي، وَاهْدِ قَلْبِي، وَاسْلُلْ سَخِيمَةَ صَدْرِي».

*रब्बी अ इन्नी वला तु इन् अलैय्य, वन्सुर नी वला तन्सुर अलैय्य, वम कुर् ली वला तम कुर्*

*अलैय्य, वह देनी व यस्सिरिल्- हुदा ली, वन्सुर नी अला मन बगा अलैय्य। रब्बिज्-अल्नी ल क शक्का रा, ल क जक्का रा, ल क रह्हा बा, ल क मित् वा आ , ल क मुख बेतन, एलै क औवा हन मोनी बन, रब्बी तकब्बल तौ ब ती वगसिल हौ बती व अजिब दा वती व सब्बित हुज्ज ती व सद्दिद लेसा नी वह्दे कल्बी वस लुल् स खी म त सदरी।*

हे मेरा पालनकर्ता, मलाई सहायता गर्नुहोस् र मेरो बिरूद्ध शत्रुको सहायता नगर्नुहोस्। मलाई विजय प्रदान गर्नुहोस् र मेरो बिरूद्ध शत्रुलाई मद्दत नगर्नुहोस्। मेरो लागि केही उपाय गर्नुहोस् र मेरो विरूद्ध षड्यन्त्र गर्नेहरूलाई सफल नपार्नुहोस्। मलाई मार्गनिर्देशन गर्नुहोस् र मेरो लागि सत्य मार्ग सरल बनाई दिनुहोस्। म माथि अन्याय

र अत्याचार गर्नेहरूमाथि मलाई विजय प्रदान गर्नुहोस् । हे मेरा पालनकर्ता, मलाई तपाईंको कृतज्ञ बनाउनुहोस् । मलाई तपाईंको गुणगान गर्ने भक्त बनाउनुहोस् । तपाईं देखि सधैं भयभित रहने, तपाईंको आज्ञाकारी, निष्ठावान र तपाईंको अत्याधिक स्मरण गर्ने भक्त बनाउनुहोस् । हे मेरा पालनकर्ता, मेरो तौबालाई स्वीकार गर्नुहोस्, मेरो पापलाई क्षमा गर्नुहोस्, मेरो दुआलाई स्वीकार गर्नुहोस्, मलाई दृढ पार्नुहोस्, मेरो जिब्रोमालाई सत्य बोल्ने शक्ति दिनुहोस्, मेरो मुटुको मार्गदर्शन गर्नुहोस् र मेरो छातीमा रहेका इर्ष्या इत्यादिलाई खतम पार्नुहोस् ।

15

«اللَّهُمَّ إِنِّي أَسْأَلُكَ فِعْلَ الْخَيْرَاتِ، وَتَرْكَ الْمُنْكَرَاتِ، وَحُبَّ الْمَسَاكِينِ، وَأَنْ تَغْفِرَ لِي وَتَرْحَمَنِي، وَإِذَا أَرَدْتَ فِتْنَةً فِي قَوْمٍ فَتَوَفَّنِي غَيْرَ مَفْتُونٍ، وَأَسْأَلُكَ حُبَّكَ وَحُبَّ مَنْ يُحِبُّكَ، وَحُبَّ عَمَلٍ يُقَرِّبُ إِلَى حُبِّكَ»

*अल्ला हुम्म इन्नीअस्-अलु क फेलल्-खैरात, व तर्कल्-मुन्करात, व हुब्बल्-मसाकीन, व अन् तग-फि र ली व तरहम नी, व इजा अरत्त फित न तन फी कौमिन फ त वफ्फनी गैर मफ तून व अस् अलुक हुब्ब क व हुब्ब मन यो हिब्बु क, व हुब्ब अ म लिन यो कर्रे बो इला हुब्बि क।*

हे अल्लाह, सत्कर्म गर्ने, कुकर्म त्याग्ने र गरिबहरूसँग माया गर्ने शक्ति प्रदान गर । मलाई क्षमा अनि ममाथि दया गर । यदि कुनै समुदायलाई कुनै संकटमा पार्न चाहनुहुन्छ भने त्यो भन्दा पहिला मलाई मृत्यु देऊ । मलाई तिम्रो माया, तिमीलाई माया गर्नेको माया र तिम्रो माया प्राप्त गर्न सघाउने सत्कर्मको माया प्रदान गर्नुहोस् ।

(रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभयो : यी दुआहरू सत्य हुन् । तसर्थ यसको अध्ययन गर अनि सिक्ने प्रयास गर)

16

«اللَّهُمَّ إِنِّي أَسْأَلُكَ الثَّبَاتَ فِي الْأَمْرِ، وَالْعَزِيمَةَ عَلَى الرُّشْدِ، وَأَسْأَلُكَ مُوجِبَاتِ رَحْمَتِكَ، وَعَزَائِمَ مَغْفِرَتِكَ، وَأَسْأَلُكَ شُكْرَ نِعْمَتِكَ، وَحُسْنَ عِبَادَتِكَ، وَأَسْأَلُكَ قَلْبًا سَلِيمًا، وَلِسَانًا صَادِقًا، وَأَسْأَلُكَ مِنْ خَيْرِ مَا تَعْلَمُ، وَأَعُوذُ بِكَ مِنْ شَرِّ مَا تَعْلَمُ، وَأَسْتَغْفِرُكَ لِمَا تَعْلَمُ، إِنَّكَ أَنْتَ عَلَّامُ الْغُيُوبِ»

*अल्ला हुम्म इन्नीअस्-अलु कस्सबा त फिल्-अम्रे, वल अजीम त अलरुश्दे, व अस्-अलु क मुजिबा ते रहमति क, व अजाए म मग-फिरति*

*क, व अस्-अलु क शुक्रा नेमति क, व हुस्न इबादति क, व अस्-अलु क कल्बन सलीमन, व लिसानन् सादिकन, व अस्-अलु क मिन खैरे मा ताअ लमु, व अ ऊ जु बि क मिन शर्रे मा ताअ लमु, व अस्तग्फिरू क लिमा ताअ लमु, इन्न क अन्त अल्लामुल्-गुयूब ।*

हे अल्लाह, मामिलामा अडिग रहने अनि सत्यमा कायम रहने दुआ गर्दछु । जन्नतसम्म पुग्न सक्ने अनि तिम्रो क्षमायाचना पाउने सत्कर्महरू गर्ने शक्ति प्रदान गर्नुहोस् । तपाईंको अनुग्रहप्रति कृतज्ञ र राम्रोसँग उपासना गर्ने शक्ति प्रदान गर्नुहोस् । स्वच्छ हृदय र सत्य जिब्रो प्रदान गर्नुहोस् । तपाईंले जान्नु हुने सम्पूर्ण भलाईको दुआ गर्दछु अनि सम्पूर्ण खराबीबाट तपाईंको

शरण चाहन्छु । तपाईंले जान्नु हुने सम्पूर्ण कुराबाट माफी माग्दछु । वास्तवमा, तपाईं नै सर्वज्ञाता हुनुहुन्छ ।

(हदीसमा छ: यो सुनचाँदी जम्मा गर्नु भन्दा राम्रो हो)

17

«اللَّهُمَّ اهْدِنِي فِيمَنْ هَدَيْتَ، وَعَافِنِي فِيمَنْ عَافَيْتَ، وَتَوَلَّنِي فِيمَنْ تَوَلَّيْتَ، وَبَارِكْ لِي فِيمَا أَعْطَيْتَ، وَقِنِي شَرَّ مَا قَضَيْتَ، إِنَّكَ تَقْضِي وَلَا يُقْضَى عَلَيْكَ، إِنَّهُ لَا يَذِلُّ مَنْ وَالَيْتَ، وَلَا يَعِزُّ مَنْ عَادَيْتَ، تَبَارَكْتَ رَبَّنَا وَتَعَالَيْتَ»

*अल्ला हुम् मह्दे नी फीमन हदैत, व आफेनी फी मन आफैत, व तवल्लनी फीमन तवल्लैत, व बारिक ली फीमा आ तैत, व केनी शर्र मा कजैत, इन्नक तक्जी वला युक्जा अलैक, इन्नहु ला यजिल्लो मन वा लैत, वला यइज्जो मन आदैत, तबारक्त रब्बना व तआलैत ।*

हे अल्लाह, तपाईंले मार्गदर्शन गर्नुभएको भक्तहरूमध्ये मलाई बनाई दिनुहोस् । तपाईंले सुख र शान्ति प्रदान गर्नुभएको भक्तहरूमध्ये मलाई बनाई दिनुहोस् । तपाईंले आफ्नो वली (मित्र) बनाउनु भएको भक्तहरूमध्ये बनाई दिनुहोस् । तपाईंले प्रदान गर्नुभएको कुरामा मलाई बर्कत (वृद्धि) गर्नुहोस् । तपाईंले भाग्यमा लेख्नुभएको नराम्रो कुराबाट मलाई बचाउनु होस् । तपाईं न्याय गर्नुहुन्छ, तपाईं विरूद्ध कोही फैसला गर्न सक्दैनन् । तपाईंले मित्र बनाउनुभएको व्यक्ति अपमानित हुनसक्दैनन् । तपाईंले अपमानित गरेकालाई कोही सम्मानित गर्न सक्दैनन् । हाम्रा पालनकर्ता बर्कतवाला, महान र उच्च हुनुहुन्छ ।

18

«اللَّهُمَّ بِعِلْمِكَ الْغَيْبَ، وَقُدْرَتِكَ عَلَى الْخَلْقِ، أَحْيِنِي مَا عَلِمْتَ الْحَيَاةَ خَيْرًا لِي، وَتَوَفَّنِي إِذَا عَلِمْتَ الْوَفَاةَ خَيْرًا لِي، وَأَسْأَلُكَ خَشْيَتَكَ فِي الْغَيْبِ وَالشَّهَادَةِ، وَكَلِمَةَ الْإِخْلَاصِ فِي الرِّضَا وَالْغَضَبِ، وَأَسْأَلُكَ نَعِيمًا لَا يَنْفَدُ، وَقُرَّةَ عَيْنٍ لَا تَنْقَطِعُ، وَأَسْأَلُكَ الرِّضَاءَ بِالْقَضَاءِ، وَبَرْدَ الْعَيْشِ بَعْدَ الْمَوْتِ، وَلَذَّةَ النَّظَرِ إِلَى وَجْهِكَ، وَالشَّوْقَ إِلَى لِقَائِكَ، وَأَعُوذُ بِكَ مِنْ ضَرَّاءَ مُضِرَّةٍ، وَفِتْنَةٍ مُضِلَّةٍ، اللَّهُمَّ زَيِّنَّا بِزِينَةِ الْإِيمَانِ، وَاجْعَلْنَا هُدَاةً مُهْتَدِينَ»

*अल्ला हुम्म बे इल्मे कल्-गैब, व कुद रति क अलल्-खल्के, अह-येनी मा अलिम तल् हया त खैरन ली, व अस्-अलु क खशय तक, फिल्-गैबे वश-शहादह, व कलेमतिल्-एख्लासे फिर-रजा वल्-ग ज बे, व अस्-अलु क नई मन ला यनफ्द, व कुर्र त ऐनिन ला तन कते, व अस्-अलु-कर्रिजा बिल्- कजा, व बर्दल्-ऐश बादल्-मौत, व लज्जतन्-न ज रे इला वज्हे क, वश्-शौक इला लिका-ए क, व अऊजु बि क मिन जर्रा अ, मुजिर्रतिन, व फितनतिन मुजिल्ल तिन, अल्ला हुम्म जै यिन्ना बे जी न तिल्-ईमान वज्-अल्ना हुदातन मोहतदीन।*

हे अल्लाह, तपाईं सम्पूर्ण आन्तरिक कुराका सर्वज्ञाता र सृष्टिमाथि सामर्थ्य राख्नु हुन्छ । तपाईंको ज्ञान अनुसार जबसम्म जीवन मेरो

लागि राम्रो छ जीवित राख्नुहोस् र जब मृत्यु राम्रो हुन्छ मृत्यु दिनुहोस् । सार्वजनिक ठाउँ होस् वा एकान्त, हरेक अवस्थामा तपाईंको डरको प्रार्थना गर्दछु । खुशी होस् वा रिसाएको बेला, हरेक अवस्थामा तौहीदमाथि कायम राख्नुहोस् । कहिले समाप्त नहुने वरदान र आँखाको शीतलता प्रदान गर्नुहोस् । तपाईंको फैसलामा खुशी रहने, मृत्युपछि सुखमय जीवन, तपाईंको अनुहारको अवलोकनको मजा अनि तपाईंलाई भेट्ने दुआ गर्दछु । नोक्सान पुर्याउने वा मलाई बर्बाद पार्ने कुराबाट तपाईंको शरण चाहन्छु । हे अल्लाह, ईमानको श्रृंगारले हामीलाई श्रृंगारिदिनुहोस् । हामीलाई सत्यमाथि अमल गर्ने र अरूलाई त्यसतर्फ आह्वानकर्ता बनाइदिनुहोस् ।

19

«اللَّهُمَّ إِنِّي أَسْأَلُكَ الْعَافِيَةَ فِي الدُّنْيَا وَالْآخِرَةِ، اللَّهُمَّ أَسْأَلُكَ الْعَفْوَ وَالْعَافِيَةَ فِي دِينِي وَدُنْيَايَ وَأَهْلِي وَمَالِي، اللَّهُمَّ اسْتُرْ عَوْرَاتِي، وَآمِنْ رَوْعَاتِي، اللَّهُمَّ احْفَظْنِي مِنْ بَيْنِ يَدَيَّ، وَمِنْ خَلْفِي، وَعَنْ يَمِينِي، وَعَنْ شِمَالِي، وَمِنْ فَوْقِي، وَأَعُوذُ بِعَظَمَتِكَ أَنْ أُغْتَالَ مِنْ تَحْتِي»

*अल्ला हुम्म इनी अस् अलुकल् आफि यत फिद्दुन्या वल् आखिरते, अल्ला हुम्म इनी अस् अलुकल् अफ्व वल् आफि यत फी दीनी व*

*दुन्या य व अहली व माली, अल्ला हुम्-मस्तुर औराती व आमिन् रौआती, अल्ला हुम्-मह्-फज्नी मिन् बैन य दैय्य व मिन् खल्फी व अन् यमीनी व अ अन् शिमाली व मिन् फौकी व अ ऊ जु बि अ जमतिक अन् उग्ताल मिन् तह्ती ।*

हे अल्लाह, लोक परलोकमा सुख र शान्तिको प्रार्थना गर्दछु । हे अल्लाह, लोक परलोक, घरपरिवार तथा जीउधनको सुरक्षा, सुख शान्ति र समृद्धिको प्रार्थना गर्दछु । हे अल्लाह, मेरा कमीकमजोरीलाई ढाकछोप गरिदिनुहोस् र आत्तिएको बेला शान्ति प्रदान गर्नुहोस् । हे अल्लाह, अगाडि-पछाडि, दायाँ-बाया तथा तल-माथिको गुप्ताघातबाट रक्षा गर्नुहोस् ।

صحيح الدعاء والثناء على الله تعالى

# शैतानको उपद्रोबाट शरण माग्ने दुआहरू



अर्को

पहिलो पृष्ठमा फर्कनुहोस्

**1**

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ شَرِّ مَا عَمِلْتُ وَشَرِّ مَا لَمْ أَعْمَلْ»

*अल्ला हुम्म इन्नी अऊजु बि क मिन शर्रे मा अमिलतु व शर्रे मा लम् आअमल ।*

हे अल्लाह, मैले गरेको र नगरेको प्रत्येक गलत कामबाट तपाईंको शरण चाहन्छु ।

(रसूल (सल्लल्लाहु अलैहि व सल्लम) प्रायःजसो यो दुआ पढ्नु हुन्थ्यो)

2

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ أَنْ أُشْرِكَ بِكَ وَأَنَا أَعْلَمُ، وَأَسْتَغْفِرُكَ لِمَا لَا أَعْلَمُ»

*अल्ला हुम्म इन्नी अऊजु बि क अन् उश्रिका बि क व अ न आअ लम्, व अस्तग्फिरू क लिमा ला आअ लम ।*

हे अल्लाह, मैले जानीजानी शिर्क गर्नुबाट तपाईंको शरण चाहन्छु र थाहा नभएको कुराबाट पनि क्षामा चाहन्छु ।

(यो दुआले रिया (देखावटी) बाट मुक्ति प्रदान गर्दछ)

3

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ زَوَالِ نِعْمَتِكَ، وَتَحَوُّلِ عَافِيَتِكَ، وَفُجَاءَةِ نِقْمَتِكَ، وَجَمِيعِ سَخَطِكَ»

*अल्लाहुम्म इन्नी अऊ-जुबि क मिन् जवाले निमतिक, व तहौ वुले आफियतिक, व फुजा अते निक्मतिक, व जमीअ स ख तिक।*

हे अल्लाह, म तपाईंले प्रदान गर्नुभएको अनुग्रह खतम हुनबाट, तपाईंले प्रदान गर्नुभएको सुख शान्ति परिवर्तन हुनबाट, तपाईंको अचानक यातनाबाट र तपाईंको सबै रिसबाट तपाईंको शरण लिन्छु।

4

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ مُنْكَرَاتِ الأَخْلاَقِ، وَالأَعْمَالِ، وَالأَهْوَاءِ، وَالْأَدْوَاءِ»

*अल्ला हुम्म इन्नी अऊ-जुबि क मिन् मुनकरातिल्-अख्लाके वल्-आअमाले, वल्-अहवाए, वल्-अद-वा ए।*

हे अल्लाह, निन्दा योग्य आचरण, गलत क्रियाकलाप, मनपरी इच्छा, शंका र भ्रम मा पर्न तथा सम्पूर्ण रोगहरूबाट तपाईंको शरण लिन्छु।

5

«اللَّهمَّ إنِّي أَعُوْذُ بِكَ مِنْ جَهْدِ البَلاَءِ، وَدَرَكِ الشَّقَاءِ، وَسُوءِ القَضَاءِ، وَشَمَاتَةِ الأَعْدَاءِ»

*अल्ला हुम्म इन्नी अऊ-जुबि क मिन् जह्दिल बलाए व द र किश्शकाए व सूइल्-कजाए व शमा ततिल्-आअदाए।*

हे अल्लाह, म विपत्ति, अशान्ति, दुर्भाग्य र दुश्मनको अपमानबाट तपाईंको शरण चाहन्छु।

6

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنَ الْعَجْزِ، وَالْكَسَلِ، وَالْجُبْنِ، وَالْبُخْلِ، وَالْهَرَمِ، وَعَذَابِ الْقَبْرِ اللَّهُمَّ آتِ نَفْسِي تَقْوَاهَا، وَزَكِّهَا أَنْتَ خَيْرُ مَنْ زَكَّاهَا، أَنْتَ وَلِيُّهَا وَمَوْلَاهَا، اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ عِلْمٍ لَا يَنْفَعُ، وَمِنْ قَلْبٍ لَا يَخْشَعُ، وَمِنْ نَفْسٍ لَا تَشْبَعُ، وَمِنْ دَعْوَةٍ لَا يُسْتَجَابُ لَهَا»

*अल्ला हुम्म इन्नी अऊ-जुबि क मिनल्-अज्-जे, वल्-क स ले, वल्-जुब्ने, वल्-बुख्ले, वल्-ह र मे, व अजाबिल्-कब्रे । अल्ला हुम्म आति नफ्सी तक-वाहा, व जक्केहा अन्त खैरो*

*मन् जक्काहा, अन्त वलीय्योहा व मौलाहा । अल्ला हुम्म इन्नी अऊ-जुबि क मिन् इल्मिन् ला-यन्फअ, व कल्बिन् ला यखशअ, व नफ्सिन् ला तशबअ, व दावतिन ला युसतजाबो लहा ।*

हे अल्लाह, म नपुंसकता, सुस्ती, कायरता, कन्जुस्याइँ र बुढ्यौलीको असक्त अवस्था र चिहानको परीक्षाबाट तपाईंको शरण चाहन्छु ।

हे अल्लाह, मेरो आत्मालाई तकवा (इशभय) अवलम्बन गर्ने शक्ति दिनुहोस्, हरेक किसिमको फोहरबाट पवित्र पार्नुहोस्, वास्तवमा, तपाईं नै त्यसको स्वामी हुनुहुन्छ ।

हे अल्लाह, फाइदा नपुर्याउने ज्ञानबाट, अल्लाहदेखि नडराउने हृदयबाट, सन्तुष्ट नहुने आत्माबाट र स्वीकार नहुने दुआबाट तपाईंको शरण चाहन्छु ।

7

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنَ الهَمِّ وَالحَزَنِ، وَالعَجْزِ وَالكَسَلِ، وَالبُخْلِ وَالجُبْنِ، وَضَلَعِ الدَّيْنِ، وَغَلَبَةِ الرِّجَالِ»

*अल्ला हुम्म इन्नी अऊ-जुबि क मिनल्-हम्मे वल्-ह जन, वल्-अज्जे वल्-क सल, वल्-बुख्ले वल्-जुब्ने, व ज ल इद्दैने व ग ल बति-र्रि जाल।*

हे अल्लाह, चिन्ता र उदासिनता, लाचारीपन र असहायता, सुस्ती र कन्जुस्याइँ, कायरता र ऋण तथा मानिसहरूको अन्याय र आधिपत्यबाट तपाईंको शरण चाहन्छु।

8

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ شَرِّ سَمْعِي، وَمِنْ شَرِّ بَصَرِي، وَمِنْ شَرِّ لِسَانِي، وَمِنْ شَرِّ قَلْبِي، وَمِنْ شَرِّ مَنِيِّي»

*अल्ला हुम्म इन्नी अऊ-जुबि क मिन शर्रे सम्-ई, व मिन शर्रे ब स री, व मिन शर्रे लेसानी व मिन शर्रे कल्बी व मिन शर्रे मनी ई।*

हे अल्लाह, म आफ्नो कान र आँखाको नराम्रो पक्षबाट, जिब्रोको दुष्टतादेखि, हृदयको कुकर्म र आफ्नो खराबीबाट तपाईंको शरण चाहन्छु।

9

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ فِتْنَةِ النَّارِ وَمِنْ عَذَابِ النَّارِ، وَأَعُوذُ بِكَ مِنْ فِتْنَةِ الْقَبْرِ، وَأَعُوذُ بِكَ مِنْ عَذَابِ الْقَبْرِ، وَأَعُوذُ بِكَ مِنْ فِتْنَةِ الغِنَى، وَأَعُوذُ بِكَ مِنْ فِتْنَةِ الفَقْرِ، وَأَعُوذُ بِكَ مِنْ فِتْنَةِ المَسِيحِ الدَّجَّالِ»

*अल्ला हुम्म इन्नी अऊजु बि क मिन् फित नतिन्नार, व मिन अजाबिन-नार, व अऊजु बि क मिन् फित न तिल् कब्र, व अऊजु बि क मिन् फित न तिल् गेना, व अऊजु बि क मिन् फित न तिल् फक्र, व अऊजु बि क मिन् फित न तिल् मसीहि दज्जाल ।*

हे अल्लाह! नर्कको यातना र परीक्षाबाट तपाईंको शरण चाहन्छु । चिहानको यातना र परीक्षाबाट तपाईंको शरण चाहन्छु । धनको प्रलोभन र गरीबीको पिडाबाट तपाईंको शरण चाहन्छु र मसीह दज्जालको उपद्रोबाट तपाईंको शरण चाहन्छु ।

**10**

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِعِزَّتِكَ، لَا إِلَهَ إِلَّا أَنْتَ، أَنْ تُضِلَّنِي، أَنْتَ الْحَيُّ الَّذِي لَا يَمُوتُ، وَالْجِنُّ وَالْإِنْسُ يَمُوتُونَ»

*अल्ला हुम्म इन्नी अऊज़ु बि इज्ज तिक, ला इला ह इल्ला अन्त, अन् तु जिल्लनी, अन्तल्-हैय्-युल्लजी ला यमूतु वल्- जिन्नो वल्- इन्सो यमुतून ।*

हे अल्लाह, म तपाईंको महिमाद्वारा पथभ्रष्टताबाट शरण लिन्छु, तपाईंबाहेक अरू कुनै सत्य ईश्वर छैन । तपाईं सधैं जीवित रहिरहनु हुनेछ तर जिन र मानिसहरू सबै मर्ने छन् ।

11

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنَ الْبَرَصِ، وَالْجُنُونِ، وَالْجُذَامِ، وَمِنْ سَيِّئِ الْأَسْقَامِ»

*अल्ला हुम्म इन्नी अऊजु बि क मिनल्-ब र से, वल्- जुनूने वल्- जुजामे व मिन सैये-इल्-अस्-कामे।*

हे अल्लाह, सेतो रोग, पागलपन, कुष्ठ रोग र खतर्नाक ज्वरोबाट तिम्रो शरण लिन्छु।

## 12

«اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ يَوْمِ السَّوْءِ، وَمِنْ لَيْلَةِ السَّوْءِ، وَمِنْ سَاعَةِ السَّوْءِ، وَمِنْ صَاحِبِ السَّوْءِ، وَمِنْ جَارِ السَّوْءِ فِي دَارِ الْمُقَامَةِ»

*अल्ला हुम्म इन्नी अऊजु बि क मिन यौमिस-सूए, व मिन लैलतिस्ए- सू, व मिन सा अतिस-सूए, व मिन साहेबिस-सूए, व मिन जा रिस-सू फी दारिल्-मोका मते ।*

हे अल्लाह, यो संसारको नराम्रो दिन, नराम्रो रात, नराम्रो घडी, नराम्रो मान्छे र नराम्रो छिमेकीबाट तिम्रो शरण चाहन्छु ।

13

«أَعُوذُ بِاللهِ مِنَ الْفِتَنِ، مَا ظَهَرَ مِنْهَا وَمَا بَطَنَ»

प्रकट भएको वा नभएको हरेक प्रकारको फितना (परीक्षा) बाट अल्लाहको शरण चाहन्छु ।

صحيح الدعاء والثناء على الله تعالى

# रूक्या (झारफुक) का दुआहरू



अर्को

पहिलो पृष्ठमा फर्कनुहोस्

1

## सूरह फतिहा ७ चोटि पढ्नु

﴿أَعُوذُ بِاللَّهِ مِنَ الشَّيْطَانِ الرَّجِيمِ، بِسْمِ
ٱللَّهِ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ ١ ٱلْحَمْدُ لِلَّهِ رَبِّ
ٱلْعَٰلَمِينَ ٢ ٱلرَّحْمَٰنِ ٱلرَّحِيمِ ٣ مَٰلِكِ يَوْمِ
ٱلدِّينِ ٤ إِيَّاكَ نَعْبُدُ وَإِيَّاكَ نَسْتَعِينُ ٥
ٱهْدِنَا ٱلصِّرَٰطَ ٱلْمُسْتَقِيمَ ٦ صِرَٰطَ ٱلَّذِينَ
أَنْعَمْتَ عَلَيْهِمْ غَيْرِ ٱلْمَغْضُوبِ عَلَيْهِمْ
وَلَا ٱلضَّآلِّينَ ٧﴾ [الفاتحة:١-٧]

म श्रापित शैतानबाट अल्लाहको शरण चाहन्छ। अत्यन्त करूणामय परम दयालु अल्लाहको नामबाट शुभारम्भ गर्दछु।

सम्पूर्ण किसिमका प्रशंसा तथा महिमागानहरू अल्लाहकै लागि हुन् । उहाँ नै सम्पूर्ण जगतका सृष्टिकर्ता हुनुहुन्छ ।

उहाँ अत्यन्तै करूणामय र परम दयालु हुनुहुन्छ । महाप्रलय (कयामत) को दिनको मालिक हुनुहुन्छ ।

हे अल्लाह, हामी केवल तपाईंकै उपासना गर्छौं र हरेक मामिलामा केवल तपाईंकै सहयोग खोज्छौं ।

हे अल्लाह, हामीलाई सीधा मार्ग देखाउनुहोस् । ती व्यक्तिहरूको मार्ग देखाउनुहोस् जो तपाईंको कृपापात्र भए ।

जुन व्यक्तिहरूमाथि तपाईंको प्रकोप भयो र जुन व्यक्तिहरू पथभ्रष्ट भए तिनीहरूको मार्गबाट जोगाई दिनुहोस् ।

2

## आ यतुल्-कुर्सी १ चोटि पढ्नु

﴿ٱللَّهُ لَآ إِلَٰهَ إِلَّا هُوَ ٱلۡحَيُّ ٱلۡقَيُّومُۚ لَا تَأۡخُذُهُۥ
سِنَةٞ وَلَا نَوۡمٞۚ لَّهُۥ مَا فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي
ٱلۡأَرۡضِۗ مَن ذَا ٱلَّذِي يَشۡفَعُ عِندَهُۥٓ إِلَّا
بِإِذۡنِهِۦۚ يَعۡلَمُ مَا بَيۡنَ أَيۡدِيهِمۡ وَمَا خَلۡفَهُمۡۖ
وَلَا يُحِيطُونَ بِشَيۡءٖ مِّنۡ عِلۡمِهِۦٓ إِلَّا بِمَا
شَآءَۚ وَسِعَ كُرۡسِيُّهُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَۖ وَلَا
يَـُٔودُهُۥ حِفۡظُهُمَاۚ وَهُوَ ٱلۡعَلِيُّ ٱلۡعَظِيمُ ٢٥٥﴾

[البقرة: ٢٥٥]

अल्लाह बाहेक कोही सत्य ईश्वर छैन अनि उहाँ

सधैं जीवित र आत्मनिर्भर हुनुहुन्छ। उहाँलाई न निन्द्रा आउँछ न आँखा झिम्म हुन्छ। उहाँ नै आकाश र पृथ्वीका मालिक हुनुहुन्छ। उहाँको मर्जी नहुन्जेल कसैले सिफारिस गर्ने हिम्मत गर्ने छैन। उहाँ अगाडि-पछाडि सबै कुराका सर्वज्ञाता हुनुहुन्छ। उहाँले चाहे जति ज्ञान मात्र उनीहरूलाई प्रदान गर्नुहुन्छ। उहाँको ज्ञानबाट त्यति कुरा मात्र जान्न सकिन्छ जति उहाँले चाहनुहुन्छ। उहाँको कुर्सिले आकाश र धरतीलाई घेरामा लिएको छ। आकाश र धरतीको हिफाजतले उहाँलाई थकित तुल्याउदैन। उहाँ सबै भन्दा माथि र विशाल हुनुहुन्छ। (सूरह अल्-बकरह : २५५)

3

‘सूरह एख्लास’, ‘कुल् अ ऊजो बिरब्बिबल् फलक्’ र ‘कुल अ ऊजो बिरब्बिबन्नास्’ ३ चोटि पढ्नु

﴿قُلْ هُوَ ٱللَّهُ أَحَدٌ ۝١ ٱللَّهُ ٱلصَّمَدُ ۝٢ لَمْ يَلِدْ وَلَمْ يُولَدْ ۝٣ وَلَمْ يَكُن لَّهُۥ كُفُوًا أَحَدٌۢ ۝٤﴾ [سورة الإخلاص]

भनिदेऊ, अल्लाह एक हुनुहुन्छ, उहाँ एकदम सम्पन्न हुनुहुन्छ, नत वहाँबाट कोही जन्मेको छ न वहाँ कसैबाट जन्मिनु भएको छ तथा वहाँ समान अरू कोही छैन।

﴿قُلۡ أَعُوذُ بِرَبِّ ٱلۡفَلَقِ ١ مِن شَرِّ مَا خَلَقَ ٢ وَمِن شَرِّ غَاسِقٍ إِذَا وَقَبَ ٣ وَمِن شَرِّ ٱلنَّفَّٰثَٰتِ فِي ٱلۡعُقَدِ ٤ وَمِن شَرِّ حَاسِدٍ إِذَا حَسَدَ ٥﴾ [سورة الفلق]

भनिदेऊ, प्रत:कालको मालिकको शरणमा आउँछु, सम्पूर्ण सृष्टि, अन्धकार, गाँठोमा झारफुक गर्ने बोक्सी तथा इर्ष्यालुको दुष्टताबाट जब उ डाहा गर्छ ।

﴿قُلْ أَعُوذُ بِرَبِّ ٱلنَّاسِ ١ مَلِكِ ٱلنَّاسِ ٢
إِلَٰهِ ٱلنَّاسِ ٣ مِن شَرِّ ٱلْوَسْوَاسِ ٱلْخَنَّاسِ ٤
ٱلَّذِى يُوَسْوِسُ فِى صُدُورِ ٱلنَّاسِ ٥ مِنَ
ٱلْجِنَّةِ وَٱلنَّاسِ ٦﴾ [سورة الناس]

भनिदेऊ, मानवको प्रभु, मालिक तथा पूज्यको शरणमा आउँछु, भ्रम उत्पन्न गर्ने अनि सुटुक्क निस्कने दुष्ट शैतानबाट चाहे त्यो मानवमध्ये होस् वा जिन्नमध्येको।

4

«اللَّهُمَّ رَبَّ النَّاسِ أَذْهِبِ البَاسَ، اشْفِ أَنْتَ الشَّافِي، لاَ شِفَاءَ إِلَّا شِفَاؤُكَ، شِفَاءً لاَ يُغَادِرُ سَقَمًا»

*अल्ला हुम्म रब्बन्नास, अजहेबिल्-बास, इश्फे अन्तश-शाफी , ला शिफा अ इल्ला शिफाउ क, शिफा अन् ला योगादेरो सक्मा ।*

हे अल्लाह, हामी सम्पूर्ण मानवका पालनकर्ता ! स्वस्थ्य लाभ दिनुहोस् अनि निको पारि दिनुहोस् तपाईं नै निको पार्न सक्नुहुन्छ । तपाईं बाहेक अरू कसैले निको पार्न सक्दैनन् । रोग कहिले नफर्किने गरि निको गरि दिनुहोस् ।

(दु:खेको ठाउँ वा ब्रिरामीमाथि दायाँ हात राखेर दुआ पढ्नुहोस्)

5

«بِسْمِ اللهِ، تُرْبَةُ أَرْضِنَا، بِرِيقَةِ بَعْضِنَا، يُشْفَى سَقِيمُنَا، بِإِذْنِ رَبِّنَا»

*बिस्मिल्लाहे तुर्बतो अर्जेना, बे रीकाते बाजेना, युश्फा सकीमोना, बेइज्ने रब्बेना।*

अल्लाहको नामले, हाम्रो जमिनको माटो र हामीमध्ये केहीको रालले हाम्रा बिरामीहरू अल्लाहको अनुमतिले निको हुने छन्।

(आफ्नो राल औंलामा लिने अनि माटोमा मिसाएर दुख्ने ठाउँमा त्यो राल घस्ने र दुआ पढ्ने)

6

«بِاسْمِ اللّٰهِ» «أَعُوذُ بِاللّٰهِ وَقُدْرَتِهِ مِنْ شَرِّ مَا أَجِدُ وَأُحَاذِرُ»

*बिस्मिल्लाहे, अउजु बिल्लाही व कुद्र तेही मिन शर्रे मा अ जे दो व ओहा जिरो।*

अल्लाहको नामले, मैले महसुस गरेको पीडा र सम्भावित डरबाट अल्लाह र उहाँको शक्तिको शरण चाहन्छु।

(दुखेको ठाउँमा आफ्नो हात राख्ने अनि ३ «بسم الله» चोटि बिस्मिल्लाह पढ्ने अनि त्यसपछि ७ पटक

«أَعُوذُ بِاللّٰهِ وَقُدْرَتِهِ مِنْ شَرِّ مَا أَجِدُ وَأُحَاذِرُ».

'अउजु बिल्लाही व कुद्र तेही मिन शर्रे मा अ जे दो व ओहा जिरो' पढ्ने)

7

«أَعُوذُ بِكَلِمَاتِ اللهِ التَّامَّةِ، مِنْ كُلِّ شَيْطَانٍ وَهَامَّةٍ، وَمِنْ كُلِّ عَيْنٍ لاَمَّةٍ»

*अउजु बे कले मा तिल्लाहित ताम-मह, मिन कुल्ले शैतानिन व हाम-मह, व मिन कुल्ले अैनिन लाम-मह ।*

प्रत्येक शैतान, बिषालु जनावर (सर्प र बिच्छी) र लागि हाल्ने नजरबाट अल्लाहका सम्पूर्ण उत्कृष्ट नाम एवं विशेषताहरूद्वारा उहाँको शरण चाहन्छु ।

8

«أَعُوذُ بِكَلِمَاتِ اللهِ التَّامَّاتِ مِنْ شَرِّ مَا خَلَقَ»

*अ ऊ जु बेकलि मातिल्ला हित्ताम्माते मिन् शर्रे मा खलक् ।*

अल्लाहका उत्कृष्ट नाम एवं विशेषताहरूद्वारा प्रत्येक सृष्टिको दुष्टबाट अल्लाहको शरण चाहन्छु ।

9

«بِسْمِ اللهِ الَّذِي لَا يَضُرُّ مَعَ اسْمِهِ شَيْءٌ، فِي الْأَرْضِ، وَلَا فِي السَّمَاءِ، وَهُوَ السَّمِيعُ الْعَلِيمُ»

*बिस्मिल्ला हिल्लजी ला यजुर्रो मअस्मिहि शैउन् फिल् अर्जे वला फिस्समा, व हुवस्समी उल् अलीम् ।*

अल्लाहको नामबाट, जसको नाम लिएपछि आकाश तथा पृथ्वीमा कुनैपनि चीजले हानि पुर्याउन सक्दैनन्, उहाँ सर्वश्रोता र सर्वज्ञाता हुनुहुन्छ ।

(३ चोटि पढ्ने)

10

«بِاسْمِ اللهِ أَرْقِيكَ، مِنْ كُلِّ شَيْءٍ يُؤْذِيكَ، مِنْ شَرِّ كُلِّ نَفْسٍ أَوْ عَيْنِ حَاسِدٍ، اللهُ يَشْفِيكَ بِاسْمِ اللهِ أَرْقِيكَ»

*बिस्मिल्लाही अर्की क, मिन कुल्ले शै इन् युजीक, मिन शर्रे कुल्ले नफ्सिन औ अैनिन हासेदिन, अल्लाहु यशफीक बिस्मिल्लाही अर्की क।*

म तिमीलाई अल्लाहको नामले झारफुक गर्दैछु । तिमीलाई दु:ख दिने हरेक चिज, प्रत्येक व्यक्ति वा इर्ष्या गर्ने हरेक आँखाको नराम्रो नजरबाट । अल्लाहले तिमीलाई निको परून् । अल्लाहको नामले तिमीलाई झारफुक गर्दैछु ।

11

«أَسْأَلُ اللهَ الْعَظِيمَ رَبَّ الْعَرْشِ الْعَظِيمِ أَنْ يَشْفِيَكَ»

*अस्-अलुल्ला हल्-अजीम, रब्बल्-अर्शिल्-अजीम अै यश फी क।*

विशाल अर्श (सिंहासन) को स्वामी सर्वशक्तिमान अल्लाहले तिमीलाई निको पारुन् भनी दुआ गर्दछु।

(७ चोटि पढ्ने) यदि आफ्नै लागि हो भने 'अस्-अलुल्ला हल्-अजीम, रब्बल्-अर्शिल्- अजीम अै यश फी नी' भन्नुपर्छ।

# रूक्या (झारफुक) गर्दा निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्ने हुन्छ :

1

रूक्या (झारफुक) कुर्आन र हदीसबाट हुनुपर्छ। रूक्या (झारफुक) गर्ने तरिका वा पढिने दुआहरू शिर्क, विदअत र वर्जित कुराहरूबाट एकदमै टाढा हुनुपर्छ।

2

मुस्लिमले अल्लाहमाथि नै पूर्णरूपमा भरोसा गर्नुपर्छ। रूक्या (झारफुक) उपचार गर्ने एउटा पद्धति मात्र हो। अल्लाहको आदेश बिना केही हुनेवाला छैन।

3

अनुभव बटुल्नको लागि रूक्या (झारफुक) गर्न मिल्दैन । बरू रूक्य गर्ने र गराउने दुवैले पूर्णरूपमा निको हुनेमा विश्वस्त हुनुपर्छ ।

4

कुर्आनको प्रत्येक आयतमा शिफा छ । अल्लाहले भन्नुभएको छ :

﴿وَنُنَزِّلُ مِنَ ٱلْقُرْءَانِ مَا هُوَ شِفَآءٌ وَرَحْمَةٌ لِّلْمُؤْمِنِينَ﴾ [الإسراء:٨٢]

(कुर्आनमा आस्थावानहरूका लागि शिफा र दया छ) तर जुन श्लोकमा रूक्याको वर्णन गरिएको छ त्यसले झारफुक गर्नु उत्तम हो ।

5

बिरामीले आफैं रूक्या (झारफुक) गर्नु उत्तम हो । किनभने ऊ आफ्नो पालनकर्ताप्रति कतिको अभिलाषी र आश्रित छ भन्ने कुरा छर्लङ्ग हुन्छ साथै शुद्ध नियतको राम्रो असर हुन्छ ।



صحيح الدعاء والثناء على الله تعالى

# साँझ बिहानका स्तुति (जिक्र) हरू

अर्को

पहिलो पृष्ठमा फर्कनुहोस्

1

«لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ»

*ला इला ह इल्लल्लाहु वह्-दहू ला शरी क लहु लहुल्मुल्कु व लहुल् हम्दु वहुव अला कुल्लि शैइन कदीर।*

एक अल्लाह बाहेक कोही सत्य पूज्य छैन। उहाँको कोही साझेदार छैन। राज्य र प्रशंसाहरू उहाँकै लागि हुन्। उहाँ हरेक कार्यको सामर्थ्य राख्नुहुन्छ।

१० चोटि

2

«أَصْبَحْنَا وَأَصْبَحَ الْمُلْكُ لِلّهِ، وَالْحَمْدُ لِلّهِ، لاَ إِلَهَ إِلَّا اللّهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ، اللَّهُمَّ إِنِّي أَسْأَلُكَ خَيْرِ مَا فِي هَذَا الْيَوم، وَخَيْر مَا بعدِه، وَأَعُوذُ بِك مِنْ شَرِّ مَا فِي هَذا اليَوم، وَشَر مَا بَعْدِه، اللَّهُمَّ إِنِّي أَعُوذُ بِك مِنَ الْكَسَلِ، وَالْهَرَمِ، وَسُوءِ الْكِبَرِ، وَفِتْنَةِ الدُّنْيَا، وَعَذَابِ الْقَبْرِ»

*अस्बहना व अस्बहल् मुल्को लिल्लाह, वल्हम्दो लिल्लाह, ला इला ह इल्लल्लाहु वह्-दहू ला शरी क लहु, अल्ला हुम्म इन्नी अस्अलुक मिन् खैरे हाजेहिल्-लैलह, व खैरे मा बादहु, व अउजु*

*बि क मिन् शर्रेहा व शर्रे मा बादहु, अल्ला हुम्म इन्नी अउजु बि क मिनल् क स ले वल्-ह र मे, व सुइल्-कि ब रे, व फित्नतिद्दुन्या, व अजाबिल्-कब्रे ।*

हामीले बिहान गर्यौं र अल्लाहका सम्पूर्ण सृष्टिले बिहान गर्यो । सम्पूर्ण प्रशंसाहरू अल्लाहकै लागि छन् । अल्लाह बाहेक अरू कोही सत्य ईश्वर छैन, उहाँ एक्लै हुनुहुन्छ, उहाँको कोही साझेदार छैन । हे अल्लाह, आज तथा आगामी दिनहरूमा रहेका राम्रो कुराको प्रार्थना गर्दछु । आज तथा आगामी दिनहरूमा रहेका नराम्रो कुराबाट तिम्रो शरण चाहन्छु । सुस्ती, बुढ्यौलीको असक्त अवस्था, चिहानको परीक्षा तथा नर्कको आगोबाट तिम्रो शरण चाहन्छु ।

बिहान पढ्नुहोस्

«أَمْسَيْنَا وَأَمْسَى الْمُلْكُ لِلَّهِ، وَالْحَمْدُ لِلَّهِ، لاَ إِلَهَ إِلَّا اللَّهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ، اللَّهُمَّ إِنِّي أَسْأَلُكَ خَيْرِ مَا فِي هَذَه اللَّيْلَةِ، وَخَيْر مَا بعدِها، وَأَعُوذُ بِك مِنْ شَرِّ مَا فِي هَذه اللَّيْلَةِ، وَشَر مَا بَعْدِها، اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنَ الْكَسَلِ، وَالْهَرَمِ، وَسُوءِ الْكِبَرِ، وَفِتْنَةِ الدُّنْيَا، وَعَذَابِ الْقَبْرِ»

*अम्सैना व अम्सल्-मुल्को लिल्लाह, वल्हम्दो लिल्लाह, ला इला ह इल्लल्लाहु वह्-दहू ला शरी क लहु, अल्ला हुम्म इन्नी अस्अलुक मिन् खैरे हाजेहिल्-लैलह, व खैरे मा बादहा, व अउजु बि क मिन् शर्रे मा माफी हाजेहिल्-लैलते*

*व शर्रे मा बादहा, अल्ला हुम्म इन्नी अउजु बिक मिनल् क स ले वल्-ह र मे, व सुइल्-किबरे, व फित्नतिद्दुन्या, व अजाबिल्-कब्रे ।*

हामीले साँझ गर्यौं र अल्लाहका सम्पूर्ण सृष्टिले साँझ गर्यो । सम्पूर्ण प्रशंसाहरू अल्लाहकै लागि छन् । अल्लाह बाहेक अरू कोही सत्य ईश्वर छैन, उहाँ एक्लै हुनुहुन्छ, उहाँको कोही साझेदार छैन । हे अल्लाह, आज तथा आगामी रातहरूमा रहेका राम्रो कुराको प्रार्थना गर्दछु । आज तथा आगामी रातहरूमा रहेका नराम्रो कुराबाट तिम्रो शरण चाहन्छु । सुस्ती, बुढ्यौलीको असक्त अवस्था, चिहानको परीक्षा तथा नर्कको आगोबाट तिम्रो शरण चाहन्छु ।

बेलुका पढ्नुहोस्

3

«اللَّهُمَّ أَنْتَ رَبِّي لَا إِلَهَ إِلَّا أَنْتَ خَلَقْتَنِي، وَأَنَا عَبْدُكَ، وَأَنَا عَلَى عَهْدِكَ وَوَعْدِكَ مَا اسْتَطَعْتُ، أَعُوذُ بِكَ مِنْ شَرِّ مَا صَنَعْتُ، أَبُوءُ لَكَ بِنِعْمَتِكَ عَلَيَّ، وَأَبُوءُ لَكَ بِذَنْبِي فَاغْفِرْ لِي فَإِنَّهُ لَا يَغْفِرُ الذُّنُوبَ إِلَّا أَنْتَ»

*अल्ला हुम्म अन्त रब्बी, ला इला ह इल्ला अन्त, खलक्त नी व अ न अब्दोक व अ न अला अह्दिक व वाअ्दिक मस्तताअ्तो, अ ऊ जु बि क मिन् शर्रे मा सनाअ्तो, अबूओ ल क बि निअ्मतिक अलैय्य व अबूऊ ल क बिजम्बी, फग-फिर ली, फइन्नहु ला यग्फे रूज्जोनू ब इल्ला अन्त।*

हे अल्लाह, तिमी नै मेरो पालनकर्ता हौ। तिमी बाहेक अरू कोही सत्य ईश्वर छैन। तिमीले नै मलाई सृष्टि गर्यौ र म तिम्रै भक्त हुँ, क्षमताले भ्याएसम्म तिम्रो वचन र प्रतिज्ञामाथि कायम छु। मैले गरेको पापप्रति तिम्रो शरण चाहन्छु। तिमीले ममाथि गरेको उपकारको बखान गर्दछु। आफ्नो गल्तीलाई स्वीकार गर्दछु। मलाई माफ गरिदेऊ, तिमी बाहेक कसैले पनि माफ गर्न सक्दैनन्।

4

«اللَّهُمَّ بِكَ أَصْبَحْنَا، وَبِكَ أَمْسَيْنَا، وَبِكَ نَحْيَا، وَبِكَ نَمُوتُ، وَإِلَيْكَ الْمَصِيرُ»

*अल्ला हुम्म बि-क अस्बहना व बि-क अम्सैना व बि-क नह्-या व बि-क नमूतु व एलैकल्-मसीर।*

हे अल्लाह, तिम्रै कृपाले बिहान-बेलुका गर्छौं, तिम्रै नामले सुत्छौँ र ब्यूझछौं तथा तिमीतिर नै फर्केर आउनेछौं।

बिहान पढ्नुहोस्

«اللَّهُمَّ بِكَ أَمْسَيْنَا وَبِكَ أَصْبَحْنَا وَبِكَ نَحْيَا وَبِكَ نَمُوتُ وَإِلَيْكَ النُّشُورُ»

*अल्ला हुम्म बि-क अम्सैना व बि क अस्बहना, व बि-क नह्-या व बि-क नमूतु व एलैकन्नोशूर ।*

हे अल्लाह, तिम्रै कृपाले साँझ बिहान गर्छौं, तिम्रै नामले ब्यूझछौं र सुत्छौँ तथा तिमीतिर नै उठेर फर्किने छौं ।

बेलुका पढ्नुहोस्

5

«اللَّهُمَّ فَاطِرَ السَّمَوَاتِ وَالْأَرْضِ، عَالِمَ الْغَيْبِ وَالشَّهَادَةِ، لَا إِلَهَ إِلَّا أَنْتَ رَبَّ كُلِّ شَيْءٍ وَمَلِيكَهُ، أَعُوذُ بِكَ مِنْ شَرِّ نَفْسِي وَمِنْ شَرِّ الشَّيْطَانِ وَشِرْكِهِ، وَأَنْ أَقْتَرِفَ عَلَى نَفْسِي سُوءًا، أَوْ أَجُرَّهُ إِلَى مُسْلِمٍ»

*अल्ला हुम्म फातिरस्समावाते वल्-अर्द, आलिमल् गैबे वश्शहादते, ला इला ह इल्ला अन्त, रब्ब कुल्ले शैइन् व मलीकहु, अ ऊ जु बि क मिन् शर्रे नफ्सी व मिन् शर्रेश्शैताने व शिर्केहि, व अन् अक्तरि फ अला नफ्सी सूअन्, औ अजुर्रहु एला मुस्लिम।*

हे आकाश तथा पृथ्वीका सृष्टिकर्ता, प्रत्यक्ष तथा अप्रत्यक्षका सर्वज्ञाता, तिमी बाहेक अरू कोही सत्य ईश्वर छैन, तिमी नै सम्पूर्ण संसारको मालिक हौ, म आफ्नो खराबी, दुष्ट शैतान तथा उसको सहयोगीको कालो कर्तुतहरूबाट तिम्रो शरण चाहन्छु, आफ्नै विरूद्ध वा कुनैपनि मुस्लिमको विरूद्ध षडयन्त्र रचनुबाट तिम्रो शरण चाहन्छु ।

## 6

«بِسْمِ اللهِ الَّذِي لَا يَضُرُّ مَعَ اسْمِهِ شَيْءٌ فِي الْأَرْضِ وَلَا فِي السَّمَاءِ وَهُوَ السَّمِيعُ الْعَلِيمُ»

*बिस्मिल्ला हिल्लजी ला यजुर्रो मअस्मिहि शैउन् फिल् अर्जे वला फिस्समा, व हुवस्समी उल् अलीम् ।*

अल्लाहको नामबाट, जसको नाम लिएपछि आकाश तथा पृथ्वीमा कुनैपनि चीजले हानि पुर्याउन सक्दैनन्, उहाँ सर्वश्रोता र सर्वज्ञाता हुनुहुन्छ ।

३ चोटि

7

«رَضِيتُ بِاللهِ رَبًّا، وَبِالْإِسْلَامِ دِينًا، وَبِمُحَمَّدٍ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ نَبِيًّا»

*रजीतु बिल्लाहे रब्बन् व बिल् इस्लामे दीनन् व बि मुहम्मदिन् (सल्लल्लाहु अलैहि वसल्लम) नबीय्यन् ।*

म, अल्लाहलाई पालनकर्ताको रूपमा, इस्लामलाई धर्म तथा मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) लाई रसूलको रूपमा मान्न राजी भएँ ।

## 8

«اللَّهُمَّ إِنِّي أَسْأَلُكَ الْعَافِيَةَ فِي الدُّنْيَا وَالْآخِرَةِ، اللَّهُمَّ إِنِّي أَسْأَلُكَ الْعَفْوَ وَالْعَافِيَةَ فِي دِينِي وَدُنْيَايَ، وَأَهْلِي وَمَالِي، اللَّهُمَّ اسْتُرْ عَوْرَاتِي، وَآمِنْ رَوْعَاتِي، اللَّهُمَّ احْفَظْنِي مِنْ بَيْنِ يَدَيَّ وَمِنْ خَلْفِي، وَعَنْ يَمِينِي وَعَنْ شِمَالِي، وَمِنْ فَوْقِي، وَأَعُوذُ بِعَظَمَتِكَ أَنْ أُغْتَالَ مِنْ تَحْتِي»

*अल्ला हुम्म इनी अस्अलुकल् आफियत फिद्दुन्या वल् आखिरते, अल्ला हुम्म इनी अस्अलुकल् अफ्व वल् आफियत फि दीनी व*

*दुन्याय व अहली व माली, अल्ला हुम्-मस्तुर औराती व आमिन् रौआती, अल्ला हुम्-मह्-फज्नी मिन् बैने य दैय्य व मिन् खल्फी व अन् यमीनी अ अन् शिमाली व मिन् फौकी व अ ऊ जु बि अ ज म ति क अन् उग्ता ल मिन् तह्ती।*

हे अल्लाह, लोक परलोकमा सुख र शान्तिको प्रार्थना गर्दछु । हे अल्लाह, लोक परलोक, घरपरिवार तथा जीउधनको सुरक्षा, सुख शान्ति र समृद्धिको प्रार्थना गर्दछु। हे अल्लाह, मेरा कमीकमजोरीलाई ढाकछोप गरिदिनुहोस् र आत्तिएको बेला शान्ति प्रदान गर्नुहोस् । हे अल्लाह, अगाडि-पछाडि, दायाँ-बाया तथा तल-माथिको गुप्ताघातबाट रक्षा गर्नुहोस्।

9

«أَعُوذُ بِكَلِمَاتِ اللهِ التَّامَّاتِ مِنْ شَرِّ مَا خَلَقَ»

*अ ऊ जु बेकलि मातिल्ला हित्ताम्माते मिन् शर्रे मा खलक्।*

अल्लाहका उत्कृष्ट नाम एवं विशेषताहरूद्वारा प्रत्येक सृष्टिको दुष्टताबाट अल्लाहको शरण चाहन्छु।

10

«أَصْبَحْنَا عَلَى فِطْرَةِ الْإِسْلَامِ، وَكَلِمَةِ الْإِخْلَاصِ، وَدِينِ نَبِيِّنَا مُحَمَّدٍ -صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ- وَمِلَّةِ أَبِينَا إِبْرَاهِيمَ حَنِيفًا، وَمَا كَانَ مِنْ الْمُشْرِكِينَ»

*अस्बह् ना अला फित्रतिल् इस्लाम, व कलेमतिल् एख्लास्, व दीने नबीय्येना मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) व मिल्लते अबीना इब्राहीम हनीफम् मुस्लेमन् वमा का न मिनल् मुश्रेकीन्।*

इस्लाम, एकेश्वरवाद, मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) को धर्म तथा पुर्खा इब्राहीम

(अलैहिस्सलाम) को तरिकामाथि हामीले बिहान गर्यौं । उनी सच्चा र पक्का एकेश्वरवादी थिए । उनी कदापि बहुदेववादी (मुश्रिक) मध्ये थिएनन् ।

## बिहान पढ्नुहोस्

«أَمْسَيْنَا عَلَى فِطْرَةِ الإِسْلاَمِ، وَكَلِمَةِ الْإِخْلَاصِ، وَدِينِ نَبِيِّنَا مُحَمَّدٍ -صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ- وَمِلَّةِ أَبِينَا إِبْرَاهِيمَ حَنِيفًا، وَمَا كَانَ مِنْ الْمُشْرِكِينَ»

*अम्सैना अला फित्रतिल् इस्लाम, व कलेमतिल् एख्लास्, व दीने नबीय्येना मुहम्मद (सल्लल्लाहु*

*अलैहि व सल्लम) व मिल्लते अबीना इब्राहीम हनीफम् मुस्लेमन् वमा का न मिनल् मुश्रेकीन् ।*

इस्लाम, एकेश्वरवाद, मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) को धर्म तथा पुर्खा इब्राहीम (अलैहिस्सलाम) को तरिकामाथि हामीले साँझ गर्यौं । उनी सच्चा र पक्का एकेश्वरवादी थिए । उनी कदापि बहुदेववादी (मुश्रिक) मध्ये थिएनन् ।

बेलुका पढ्नुहोस्

## 11

«يَا حَيُّ يَا قَيُّومُ بِرَحْمَتِكَ أَسْتَغِيثُ أَصْلِحْ لِي شَأْنِي كُلَّهُ، وَلَا تَكِلْنِي إِلَى نَفْسِي طَرْفَةَ عَيْنٍ»

*या हैय्यो या कैय्यूम बिरह्मतिक अस्तगीस, अस्लेह् ली शानी कुल्लहु व ला तकिल्नी एला नफ्सी तर्फत अैन् ।*

हे सधैं जीवित र रहिरहने महान अल्लाह, तपाईंकै कृपाले प्रार्थना गर्दछु; मेरा सम्पूर्ण कार्यहरूलाई सफल पार दिनुहोस् तथा आँखा झिमिक्क हुनु बराबर पनि बेवास्ता नगर्नुहोस् ।

12

«حَسْبِيَ اللهُ لاَ إِلَهَ إِلَّا هُوَ عَلَيْهِ تَوَكَّلْتُ وَهُوَ رَبُّ الْعَرْشِ الْعَظِيمِ»

*हस्बि यल्लाहुला इला ह इल्ला हुव, अलैहि तवक्कल्तो, व हुव रब्बुल्-अर्शिल् अजीम।*

मेरो निमित्त अल्लाह नै पर्याप्त हुनुहुन्छ। उहाँ बाहेक अरू कोही सत्य ईश्वर छैन। मैले उहाँमाथि भरोसा गरें। उहाँ नै विशाल अर्श (सिंहासन) को स्वामी हुनुहुन्छ।

७ चोटि



अघिल्लो
पहिलो पृष्ठमा फर्कनुहोस्

# हदीसहरूका श्रोतहरू

## पहिलो : अल्लाहको प्रशंसा सम्बन्धी हदीसहरूका श्रोतहरू

1 (मुस्लिम : ६००)

2 (मुस्लिम : ४७७)

3 (बैहकी ले 'शो अ बुल्-ईमान' : ४०८७ मा वर्णन गरेका छन्) र शैख अल्बानीले 'सही हुत्तर्गीब' : १५७६ मा 'सही' भनेका छन्।

4 (बुखारी : ११२०) र (मुस्लिम : ७६९)

5 (मुस्लिम : २७१३)

6 (हाकिम ले 'मुस्तद रक' : १९२० मा वर्णन गरेका छन्) र शैख अल्बानीले 'सिल्-सलतुल्-अहादीस अस्-सहीहा' : २६७ मा 'सही' भनेका छन्।

7 (अबु-दाऊद : १४९३), (तिर्मिजी :३४७५ ) र

हदीसहरूका श्रोतहरू

शैख अल्बानीले 'मिश्कातुल्-मसाबीह' : २/७०८ मा 'सही' भनेका छन् ।

8 (बुखारी : ६३४५) र (मुस्लिम : २७३०)

9 (अबु-दाऊद : १५२५), (इब्ने माजह : ३३८२) र शैख अल्बानीले 'सही हुत्तर्गीब' : १८२४ मा 'सही' भनेका छन् ।

10 (मुस्लिम : २६९६)

11 (इब्ने माजह : ३८७८) र शैख अल्बानीले 'सही' भनेका छन् ।

12 (मुस्लिम : १२१८)

13 (बुखारी : ६३०६)

14 (अबु-दाऊद : १४९५), (तिर्मिजी :३५४४ ) र शैख अल्बानीले 'मिश्कातुल्-मसाबीह' : २/७०८ मा 'सही' भनेका छन् ।

15 (तबरानी ले औ सत : ७३२४ मा वर्णन गरेका छन्) र शैख अल्बानीले 'सही हुत्तर्गीब' : १८३९ मा 'सही' भनेका छन् ।

16 (अहमद : ६/२४) (अबु-दाऊद : ८७३) र

शैख अल्बानीले ‘मिश्कातुल्-मसाबीह’ : १/१९२ मा ‘सही’ भनेका छन्।

17 (अबु-दाऊद : ८७४), (निसाई : १०६९) र शैख अल्बानीले ‘सही सोनन् निसाई’ : 3/२८९ मा ‘सही’ भनेका छन्।

18 (मुस्लिम : ६०१)

## दोस्रो : नमाजका दुआहरू सम्बन्धी हदीसहरूका श्रोतहरू

1 (बुखारी : ७४४) र (मुस्लिम : ५९८)

2 (मुस्लिम : ७७०)

3 (मुस्लिम : ७७१)

4 (बुखारी : ७९४) र (मुस्लिम : ४८४)

5 (मुस्लिम : ४८६)

6 (मुस्लिम : ४८३)

7 (बुखारी : ६३१६) र (मुस्लिम : ७६३)

8 (बुखारी : १३७७) र (मुस्लिम : ५८८)

9 (अबु-दाऊद : १५२२), (निसाई : १३०३) र शैख अल्बानीले ‘मिश्कातुल्-मसाबीह’ : १/२९९ मा ‘सही’ भनेका छन्।

10 (मुस्लिम : ७७१)

11 (बुखारी : ७९८) र (मुस्लिम : ५८९)

12 (अबु-दाऊद : ७९२), (इब्ने माजह : ९१०) र शैख अल्बानीले ‘सहीहुल्-जामेअ अस्सगीर’ : १/६०४ मा सही भनेका छन्।

13 (बुखारी : २८२२, ६३९०)

14 (बुखारी : ८३४) र (मुस्लिम : २७०५)

15 (हाकिम ले ‘मुस्तद रक’ : १९० मा वर्णन गरेका छन्) र ‘सही’ पनि भनेका छन्।

16 (मुस्लिम : ७०९)

## तेस्रो : नबीका दुआहरू सम्बन्धी हदीसहरूका श्रोतहरू

1 (बुखारी : ६३८९) र (मुस्लिम : २६९०)

2 (मुस्लिम : २६९७)

3 (तिर्मिजी :३५६३) तिर्मिजीले ‘हसन’ भनेका छन् र शैख अल्बानीले ‘सहीहा’ : १/५३२ मा हसन भनेका छन्।

4 (मुस्लिम : २६५४) (يَا مُقَلِّبَ الْقُلُوبِ ثَبِّتْ قَلْبِي عَلَى دِينِكَ) ‘या मोक्ल्ले बल कुलूबे सब्बित कल्बी अला दीनेक‘ तिर्मिजीको शब्द हो र तिर्मिजीले ‘हसन’ भनेका छन्।

5 (अहमद : ६/१३४), (इब्ने माजह : २/१२६४) र शैख अल्बानीले ‘सहीहुल्-जामेअ अस्सगीर’ : १/२७४ मा ‘सही’ भनेका छन्।

6 (तिर्मिजी : ३५१३), (निसाई ले ‘सुननुल्-कुब्रा’ : ९/२१२ मा वर्णन गरेका छन्) र शैख अल्बानीले ‘सहीहुल्-जामेअ’ : ५८२०-१९१३ मा ‘हसन’ भनेका छन्।

7 (अहमद : ४३१८) शैखुल्-इस्लाम इब्ने तैमीयह र उनको शिष्य इब्ने कैय्यिम ले ‘सही’ भनेका छन्। (शिफा उल्-अलील : २७४ हेर्नुहोस्)

8 (इब्ने हिब्बान : ९७४)

र शैख अल्बानीले ‘सहीहा’ : २८८६ मा ‘सही’ भनेका छन् ।

9 (मुस्लिम : २७२१) शैख सादीले यो दुआको बारेमा भनेका छन् : ‘यो एकदमै फाइदा जनक दुआ हो । दुनियाँ र आखिरतका सम्पूर्ण भलाई यसमा समावेश गरिएको छ ।’ (बहजतो कुलूबुल्-अबरार .... पाना नो २०५ हेर्नुहोस्)

10 (मुस्लिम : २७१३)

11 (मुस्लिम : २७१३)

12 (तिर्मिजी : ३५१३) र तिर्मिजीले ‘हसन सही’ भनेका छन् ।

13 (तिर्मिजी : ३५०२), (निसाई फिस्-सुननुल्-कुब्रा : १०१६१) र शैख अल्बानीले ‘सहीहुल्-जामेअ’ : १२६८ मा ‘हसन’ भनेका छन् ।

14 (तिर्मिजी र तिर्मिजीले ‘हसन सही’ भनेका छन् ।

15 (अहमद : २२१०९), (तिर्मिजी :३२३५) र तिर्मिजीले ‘हसन सही’ भनेका छन् ।

16 (तबरानी ले ‘अल् कबीर’ : ७१३५ मा वर्णन गरेका

छन्) र शैख अल्बानीले 'सहीहा' मा 'यसको सनद राम्रो' भनेका छन्।

17 (अहमद : १७१८), (अबु-दाऊद : १४२५) र शैख अल्बानीले 'मिश्कातुल्-मसाबीह' : १२७३ मा 'सही' भनेका छन्।

18 (अहमद : १८३२५), (निसाई : १३०५) र शैख अल्बानीले 'सहीहुल्-जामेअ' : १३०१ मा 'सही' भनेका छन्।

19 (अबु-दाऊद : ५०७४), (बुखारी ले 'अल्-अद बुल्-मुफरद' : १२०० मा वर्णन गरेका छन्) र शैख अल्बानीले 'सहीहुल्-अद बुल्-मुफरद' : ९१२ मा 'सही' भनेका छन्।

## चौथो : शैतानको उपद्रोबाट शरण माग्ने दुआहरू सम्बन्धी हदीसहरूका श्रोतहरू

1 (मुस्लिम : २७१६)

2 (बुखारी ले 'अल्-अद बुल्-मुफरद' : ७१६ मा वर्णन गरेका छन्) र शैख अल्बानीले 'सहीहुल्-जामेअ अस्सगीर' : १/६९४ मा 'सही' भनेका छन्।

हदीसहरूका श्रोतहरू

3 (मुस्लिम : २७३९)

4 (तिर्मिजी :३५९१), (तबरानी ले 'अल् कबीर' : ३६ मा वर्णन गरेका छन्) र शैख अल्बानीले 'सहीहुल्-जामेअ' : १/२७८ मा 'सही' भनेका छन्।

5 (बुखारी : ६६१६) र (मुस्लिम : २७०७)

6 (मुस्लिम : २७२२)

7 (बुखारी : २८९३) र (मुस्लिम : २७०६)

8 (अबु-दाऊद : १५५१), (तिर्मिजी :३४९२) र शैख अल्बानीले 'सहीहुल्-जामेअ' : २/८११ मा 'सही' भनेका छन्।

9 (बुखारी : ६३७६) र (मुस्लिम : ५८९)

10 (मुस्लिम : २७१७)

11 (अबु-दाऊद : १५५४), (निसाई : ५४९३) र शैख अल्बानीले 'सहीहुल्-जामेअ' : १/२७५ मा 'सही' भनेका छन्।

12 (तबरानी ले 'अल् कबीर' : ८१०) र शैख अल्बानीले 'सहीहुल्-जामेअ' : १२९९ मा 'सही' भनेका छन्।

13 (अहमद : २६६७) र (मुस्लिम : २८६७)

## पाचौं : रूक्या (झारफुक) का दुआहरू सम्बन्धी हदीसहरूका श्रोतहरू

1 (बुखारी : ५७४९) र (मुस्लिम : २२०१) तर तिर्मिजी :२०६३ मा उल्लेख छ : सूरह फतिहा ७ चोटि पढेर दम (झारफुक) गर्नुभयो ।

2 (मुस्लिम : ८१०) मुस्लिम मा भनिएको छ : कुर्आनको सबै भन्दा ठुलो आयत हो । तर बुखरी : २३११ मा भनिएको छ : यसले शैतानबाट जोगाउनेछ ।

3 (बुखारी : ५७३५) र (मुस्लिम : २१९२)

4 (बुखारी : ५७४२, ५७४३)

5 (बुखारी : ५७४५, ५७४६) र (मुस्लिम : २१९४) इमाम नौवीको 'शर्हो मुस्लिम' १४/१८४ हेर्नुहोस् ।

6 (मुस्लिम : २२०२)

7 (बुखारी : ३३७१)

8 (मुस्लिम : २७०९)

9 (अबु-दाऊद : ५०८८), (इब्ने माजह : ३८६९) र शैख अल्बानीले 'मिश्कातुल्-मसाबीह' : २३९१ मा 'सही' भनेका छन् ।

10 (मुस्लिम : २१८६)

11 (अबु-दाऊद : ३१०६), (तिर्मिजी : २०८३) र शैख अल्बानीले ‘सही हुत्तर्गीब’ : १५७६ मा ‘सही’ भनेका छन् ।

## छैठौं : साँझ बिहानका स्तुति (जिक्र) हरू सम्बन्धी हदीसहरूका श्रोतहरू

1 (अहमद : ८७१९) र शैख इब्ने बाज रहेमहुल्लाह ले ‘तोह्फतुल्-अख्यार’ मा यसको सनदलाई ‘हसन’ अर्थात राम्रो भनेका छन् ।

2 (मुस्लिम : २७२३)

3 (बुखारी : ३६०६)

4 (अबु-दाऊद : ५०६८), (तिर्मिजी :३३९१ )
र शैख इब्ने बाज रहेमहुल्लाह ले यसको सनदलाई ‘सही’ भनेका छन् ।

5 (अहमद : ६५९७), (अबु-दाऊद : ५०७६), (तिर्मिजी : ३५२९), (बुखारी ले अल्-अद बुल्-मुफरद मा वर्णन गरेका छन्) र शैख इब्ने बाज रहेमहुल्लाह ले ‘हसन’ अर्थात राम्रो भनेका छन् ।

6 (अहमद : ४४६), (तिर्मिजी :१०१७९ ) र तिर्मिजीले 'हसन सही' भनेका छन् ।

7 (अहमद : १८९६७), (तिर्मिजी :३३८९ ) र शैख इब्ने बाज रहेमहुल्लाह ले यसको सनदलाई 'हसन' अर्थात राम्रो भनेका छन् ।

8 (अहमद ले अल् मुसनद : ४७८५ मा वर्णन गरेका छन्), (अबु-दाऊद : ५०७४) र हाकिमले 'सही' भनेका छन् ।

9 (अहमद : ७८९८), (तिर्मिजी :३४३७ ) र शैख इब्ने बाज रहेमहुल्लाह ले यसको सनदलाई 'हसन' अर्थात राम्रो भनेका छन् ।

10 (अहमद : २११४४, १५३६७), (अबु-दाऊद : ५०७४) र शैख इब्ने बाज रहेमहुल्लाह ले यसको सनदलाई 'सही' भनेका छन् ।

11 (निसाई : १०४०५), (बज्जार २/२८२) र शैख अल्बानीले 'सहीहा' : १/४४९ मा 'हसन' अर्थात राम्रो भनेका छन् ।

12 (अबु-दाऊद : ५०८१) यो मौकूफ हदीस हो । तर यो मरफूअ को हुकुम मा छ । शैख अल्बानीको सहीहा ११/४४९ हेर्नुहोस् ।



اقتداء
العلمية
الوقفية

**इक्तेदा वैज्ञानिक एन्डोमेन्ट फाउन्डेसन**

हामी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का
सुन्नतहरू र दैनिकी (दुआ) हरू प्रकाशन गर्छौं

तपाईंलाई सम्पर्क गर्न पाउँदा खुसी छौं

00966503766222

doa.eqtidaa.com

@eqtidaa1

Download on the App Store

ANDROID APP ON Google play